दुल्लु नगरपालिका

आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम

यस गरिमामय एघारौं नगरसभाका सभाध्यक्ष ज्यू,
नगरसभाका सदस्य ज्यूहरु,
प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सम्पूर्ण कर्मचारीहरु

ऐतिहासिक, धार्मिक, पुरातात्विक, साँस्कृतिक एवम् प्राकृतिक सम्पदाले युक्त यस दुल्लु नगरपालिकाको समग्र आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरणका लागि आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम यस गरिमामय नगरसभामा प्रस्तुत गर्न पाउँदा मलाई एकदमै गौरव लागेको छ । यस अवसरमा जनताको शासन स्थापना गर्न तथा मुलूकमा प्रजातन्त्र, लोकतन्त्र तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न समयमा भएका राजनीतिक आन्दोलनमा आफ्नो अमूल्य जिवनको उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान शहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

राष्ट्रियता, राष्ट्रिय हित एवं स्वाभिमान, लोकतन्त्र र जनजीविकाको आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दै नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु । यस क्रममा वेपत्ता, घाईते, अपांग भएका योद्धा तथा आन्दोलनमा स्वाभिमान पूर्वक सहभागी भई अमूल्य योगदान पुऱ्याउने महान व्यक्तित्वहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

मुलूकमा संघीय व्यवस्थाको कार्यान्वयन भई जनताको नजिकको सरकारको रुपमा स्थापित स्थानीय सरकारको संस्थागत विकास, सिमित श्रोत साधनको उपयोगवाट असिमित जन अपेक्षाको पुर्णता, नगरपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक, पर्यटकीय तथा पूर्वाधार विकास लगायतका कार्यहरु गर्दै यस नगरपालिकालाई हालको अवस्थामा ल्याई पुऱ्याउनमा महत्वपूर्ण भूमिका खेल्ने स्थानीय तहको पहिलो निर्वाचनवाट निर्वाचित नगर प्रमुख, उप प्रमुख, वडा अध्यक्ष ज्यूहरु लगायत सम्पूर्ण जनप्रतिनिधी ज्यूहरु र कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । दुल्लू नगरपालिकाको यो गरिमामय ११ औं नगरसभाको अवसरमा हाम्रो निमन्त्रणलाइ स्वीकार गरी उपस्थित हुनुभएका सम्पूर्ण नगर सभाका सदस्य लगायत सम्पूर्ण महानुभावहरुमा दुल्लू नगरपालिकाको तर्फवाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु । साथै राज्य पुनर्संरचना पश्चात दोस्रो कार्यकाल लागि मिति २०७९ बैशाख ३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा हामीलाई निर्वाचित गराउनुहुने सम्पूर्ण नगरबासिहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

लोकतान्त्रीक गणतन्त्रको स्थापना पश्चात् तीन तहको संघात्मक व्यवस्था भएको हाम्रो मुलकमा कानुनत स्थानीय तह पनि एक सरकारको रुपमा स्थापित भई जननिर्वाचित स्थानीय सरकारवाट जनचाहना अनुरुपका समुदायलाई प्रत्यक्ष रुपमा अग्रगामी परिवर्तन तर्फ लैजाने आर्थिक समुन्नति, सम्वृद्धि र सहज जीवनयापनको चाहना पूरा गर्ने नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्नु हामी जनप्रतिनिधिहरुको नागरिक प्रतिको उत्तरदायित्व हो । संविधानको मर्म र भावना अनुसार संघीय लोकतान्त्रीक गणतन्त्र कार्यान्वयन पक्षमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह बिचको सहअस्तित्व, समन्वय र सहकार्यमा दुल्लु नगरपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक एवंम भौतिक पूर्वाधार विकास, दिगो विकास र समृद्धिको लागि यस नगरसभाले दिशा निर्देश गर्नेछ । सोही अनुसार न्यून श्रोत साधनको अधिकतम परिचालन गरि नागरिकहरुका असिमित अपेक्षाहरु पुरा गर्ने ध्येयका साथ नगरपालिकाको तर्फवाट आगामी आर्थिक वर्ष २०७९।०८० को नीति कार्यक्रम तथा बजेट यस सम्मानित नगर सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

सभाध्यक्ष महोदय,

"समृद्ध र आत्मनिर्भर दुल्लूको परिकल्पना सहित दुल्लू नगरपालिकाको पहिचान, ऐतिहासिक, पुरातात्विक सम्पदाको संरक्षण र विकास हाम्रो अभियान" भन्ने मूल नाराका साथ संचालन हुन गैरहेको यस ११ औं नगरसभामा नगरको समग्र विकास कार्यक्रमलाई योजनाबद्ध, व्यवस्थित र प्रभावकारी रुपमा अगाडि बढाउन नेपालको संविधान , स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको योजना तुर्जमा दिग्दर्शन २०७८, नेपाल सरकारवाट र कर्णाली प्रदेश सरकारवाट प्राप्त मार्गदर्शन, दिगो विकासका लक्ष्य, १५ औं योजना, कर्णाली प्रदेश सरकारको पञ्चवर्षीय योजना, मध्यकालिन खर्च संरचना, नगरपालिकाको आबधिक योजना, विषय क्षेत्रगत योजना समेतलाई मध्येनजर गरी आम नागरिकको माग, आवश्यकता, नगरमा प्राप्त श्रोत र

•

साधनको अवस्था, विकास साझेदारको समन्वय र सहयोगमा समावेशी, समन्यायिक, वातावरण अनुकूलन र सुशासनयुक्त विकास लगायत संक्रमणजन्य रोग नियन्त्रण तथा महामारी व्यवस्थापन, विपद् व्यवस्थापन, स्थानीय स्तरका नागरिकहरुको लागि रोजगारी श्रृजना र आयआर्जन वृद्धि गर्ने खालका कार्यक्रम अगाडि वढाउन कार्यपालिकाबाट पारित भई आएको आ.व. २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रम यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा मैले आफुलाई गौरबाशाली ठानेको छु ।

सभाध्यक्ष महोदय,

स्थानीय तहको दोस्रो निर्वाचन प्रश्चात गठन भएको स्थानीय सरकारको कार्यकालको पहिलो वर्षमा प्रवेश गर्दा दुल्लू नगरवासीले निर्वाचित जनप्रतिनिधिमुलक संस्थावाट के कस्तो अपेक्षा गरेका छन् र हामीले सो अनुरुपका कार्यहरु गर्दै नगरपालिकाका बिभिन्न बस्तीसम्म यातायातको सहज पहुँच पुऱ्याउनु, सामाजिक, आर्थिक, सांस्कृतिक विकासको दृष्टिले पछाडि परेका वर्ग, लोपोन्मुख आदिबासी/जनजाति, महिला, दलित, असहाय, अपाङ्ग, विपन्न वर्गलाई विकासको प्रत्यक्ष प्रतिफल दिलाउनु, उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्नु, ऐतिहासिक, धार्मिक तथा पुरातात्विक सम्पदाको संरक्षण गर्नु, शैक्षिक गुणस्तरमा सुधार ल्याउनु, विकास प्रकृयामा जनतालाई अर्थपूर्ण सहभागी वनाई नगरमा रोजगारी सृजना गर्नु, आमनागरिकको जीवनस्तरमा सुधार गर्नु, भौतिक पूर्वाधार विकासमा लगानी वृद्धि गर्नु, राजनीतिक दल, नागरिक समाज र गैरसरकारी संस्था वीच विकासका साझा एजेण्डा तयार पार्नु लगायतका दुल्लू नगरपालिकाको आन्तरिक श्रोत वृद्धि गर्नुजस्ता विकास प्रकृयाका सवालहरु हाम्रो सामु चुनौती र अवसरको रुपमा उभिएका छन् । यस प्रकारका चुनौतीहरुलाई अवसरमा परिणत गरी हरेक नागरिकले खुशी प्राप्त गर्न सके उपलव्धी हुनेछ भन्ने विश्वास लिएको छु ।

आम नगरवासी, नागरिक समाज, जनप्रतिनिधिहरु वीच विकास निर्माणमा देखिएको समन्वय, सहमति र सहकार्य विभिन्न विकास साझेदार संस्थाहरु, सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले विकास कार्यमा देखाएको अभिरुची, प्राकृतिक श्रोत, जैविक-विविधता, नगरपालिकाको सांस्कृतिक तथा ऐतिहासिक वस्तुहरुको प्राचुर्यता, भौगोलिक अवस्था र विविधतायुक्त हावापानी, आर्थिक केन्द्रहरुको वृद्धि र विकास, सहकारी क्षेत्रको विकास, पूर्वाधार विकास जस्ता पक्षहरुलाइ विकासका अवसरको रुपमा लिईएको छ । यसैगरि यी अवसरहरुको सदुपयोग गर्दै सरोकारवालाहरुसंगको सहकार्य, समन्वय र सहभागिताको आधारमा विकास निर्माण प्रकृया अगाडि वढाउन सकेमा नगरपालिकाले दिगो र जनमुखी विकास गर्न सक्ने कुरामा म विश्वस्त छु ।

दुल्लू नगरपालिकाबाट जनतालाई प्रवाह गरिदैं आएको सेवामा प्रभावकारिता ल्याउन विषयगत कार्यालयहरु र शाखाहरु बीच भएको प्रभावकारी समन्वय एवं सवै प्रकारका विकास कार्यक्रमहरुमा नागरिक समाज, सञ्चारजगत र निजी क्षेत्रवाट हामीलाई प्राप्त भईरहेको सृजनात्मक सहयोग अतुलनीय रहेको छ । ११ औं नगर सभा संचालन गर्ने क्रममा नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको योजना तुर्जमा दिग्दर्शन २०७८ का आधार र योजना तर्जुमा चरणहरुलाई पुरा गर्नुका साथै नगरपालिकामा क्रियासिल राजनीतिक दल, दातृनिकाय, गै.स.स., नागरिक समाज, पत्रकार, प्रवुद्ध वर्ग तथा आम जनसमुदायबाट प्राप्त भएको रचनात्मक सुझाव, सल्लाह र सहयोगलाई समेत मध्यनजर गरिएको छ । यस कार्यमा सहयोग प्रदान गर्नु हुने सबै महानुभावहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै भविष्यमा समेत रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

यस नगरसभाले तय गरेको आगामी आ.व.०७९।०८० को वार्षिक बजेट तथा कार्यक्रमले आगामी दिनमा नगरपालिकाको दिगो विकासको खाका निर्माण, स्थानीय रोजगारी र आयमुलक कार्यमा विपन्न र सिमान्तकृत समुदायको सहभागीतामा, संक्रमण र महामारीजन्य रोग नियन्त्रण र व्यवस्थापन तर्फ नागरिकहरुमा सचेतना अभिवृद्धि गर्नुका साथै संस्थागत व्यवस्थापन, लगायत स्थानीय अनुकुलन र वातावरण संरक्षण लागायत क्षेत्रमा सकारात्मक रुपान्तरण भई महिला, जनजाति, पिछडिएको वर्ग तथा सीमान्तकृत जनताको जीवनस्तरमा महसुस गर्न सकिने परिवर्तन हुने अपेक्षा लिईएको छ । यसका लागि उपलब्ध श्रोत साधनको सिमा भित्र रहेर मात्र योजना तर्जुमा हुनु आवश्यक देखिएकाले नगरपालिकामा प्राप्त हुने र हुन सक्ने श्रोत साधनलाई दृष्टिगत गरी बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकबाट योजना तर्जुमा कार्यतालिका तय गरी सोही दिग्दर्शन बमोजिम निम्न प्रक्रिया अपनाईएको छ ।

१) वस्ती/वडास्तरवाट योजना छनौट तथा प्राथमिकीकरण गर्ने कार्य ।

•

२) योजना कार्यक्रमहरुको विषय क्षेत्रगत वर्गीकरण र प्राथमिकीकरण गर्ने कार्य ।

३) सवै वडाहरुमा जनसंख्या, भूगोलका आधारमा न्यायोचित रुपमा बजेट वाँडफाँट

४) लक्षित वर्गको उत्थान तथा विकासमा जोड सहित समावेशीकरण हुने गरी बजेट तथा कार्यक्रमहरुको बाँडफाँट र प्राथमिकीकरण

५) बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकवाट आयोजना छनौट

६) नगर कार्यपालिकाको निति, योजना तथा वजेट तर्जुमा छलफल

७) नगर सभामा स्वीकृतिका लागि नगर सभामा पेश

आयोजना प्राथामिकीकरणका आधारहरु :

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ का आधारमा निम्न आधारहरु लिईएको

- दुल्लू न.पा.को आर्थिक विकास र गरिवी निवारणमा प्रत्येक्ष योगदान पुर्‍याउने
- उत्पादनमुलक र छिटो प्रतिफल दिने
- आन्तरिक आय, राजश्व परिचालन र वृद्धिमा योगदान पुर्‍याउने
- सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने
- लैगिक समानता तथा सामाजिक समावेशीकरणमा टेवा पुर्‍याउने
- दिगो विकास, वातावरण र विप्द व्यवस्थापनमा योगदान पुर्‍याउने
- जलवायू परिवर्तन अनुकूलन क्षमताको विकास गर्ने
- दुल्लू क्षेत्रको धार्मीक प्रबर्द्धन, संस्कृति, सम्पदा र पहिचान बढाउने
- दुल्लू क्षेत्रको पर्यटन विकास गर्ने
- पोषण र खाद्य सुरक्षामा सहयोग पुग्ने ।
- कोभिड-१९ लगायतका प्राकृतिक महामारीजन्य रोग नियन्त्रण कार्यमा सहयोग पुग्ने

•

चालु आ.व.०७८।०७९ मा दुल्लू न.पा.वाट सम्पादन भएका कार्यक्रमहरुको समिक्षा

सभाध्यक्ष महोदय,

अब म चालु चालु आ.व.०७८।०७९ मा दुल्लू न.पा.वाट सम्पादन भएका कार्यक्रमहरु र हालसम्म भए गरेका कार्यहरुको प्रगति प्रस्तुत गर्न गइ रहेको छु ।

दुल्लू नगरपालिकाको चालु आ.व. मा विषयगत निकाय बाहेक विनियोजन गरिएको कुल अनुमानित वजेट रु ७५ करोड ८५ लाख २८ हजार ६ सय ३६ मध्ये हाल रु ७० करोड १२ लाख ५२ हजार २ सय ३० रुपयाँ ८८ पैसा कुल आम्दानी भएको । सो रकम मध्ये हालसम्म यस नगरपालिकाको खातामा चालु तर्फ रु ४० करोड १८ लाख ३७ हजार ३ सय ३० र पँजीगत तर्फ रु १८ करोड ५३ लाख ८५ हजार ६ सय ६४ ट्राक्फर भएकोमा चालु तर्फ रु ३२ करोड ३२ लाख ३६ हजार २ सय ४२ रुपयाँ ८८ पैसा र पुँजीगत तर्फ ११ करोड १२ लाख २ हजार ४ सय १७ खर्च भएको देखिन्छ । हालसम्म यस नगरपालिकाको चालु तर्फ ६२.१९ प्रतिशत र पुँजीगत तर्फ ४६.५६ प्रतिशत खर्च भएको छ । चालु खर्च तर्फको रकम नगरपालिकाका कर्मचारी, पदाधिकारी, शिक्षक, स्वास्थ्यकर्मी लगायत अन्य कार्यालय संचालन सम्वन्धि शीर्षकमा खर्च भएको छ भने पूजिगत खर्च तर्फको रकम नगरस्तरीय र वडास्तरीय योजना तथा कार्यक्रम र विषयगत शाखाका कार्यक्रम तथा योजनाहरु तर्फ खर्च भएको देखिन्छ ।

१) आर्थिक विकास क्षेत्र तर्फ

१. भेडा बाख्रामा लाग्ने पि.पि.आर.रोग विरुद्धको खोप २०००० वटा भेडा बाख्रलाई, रेविज विरुद्धको खोप ३५० वटा कुकुरहरुलाई र कुखुरामा लाग्ने रानिखेत विरुद्धको खोप ५००० वटा कुखुरालाई लगाइएको छ ।
२. कृषकहरुको सुचिकरण गरी परिचय पत्र वितरण गर्ने ७००० घरधुरी संकलनको काम सम्पन्न भएको छ ।
३. गाई, भैसीबाट हुने आम्दानीलाई बृद्धि गर्न ७५ पशुहरुमा नश्ल सुधार कार्यक्रम संचालन गरिएको छ ।
४. बाख्राको साना व्यवसायी पकेट विकास कार्यक्रम नगरपालिका क्षेत्रभित्रका २५ वटा फर्ममा लागु भई रहेको छ ।
५. दुल्लू नगरपालिका भित्र रहेका ८९ कृषि समुहहरुको दर्ता तथा नविकरण भई सोहि समुह मार्फत विभिन्न आय आर्जनका क्रियाकलाप संचालन भई रहका छन् ।
६. सिप्रेड नेपालको सहयोग र दुल्लू नगरपालिकाको समन्वयमा कृषि अध्ययन प्रशिक्षण प्रदर्शन कार्यक्रम नगरपालिकाको वडा नं. ४,६,७,८ र १३ मा संचालन गरिएको छ ।
७. यस नगरपालिकालाई प्राप्त सशर्त अनुदान तर्फ तरकारी पकेट क्षेत्र स्थापना, तरकारी उत्पादन केन्द्र पकेट विकास कार्यक्रम, मकै उत्पादन प्रबर्द्धन कार्यक्रम, वालि विकास कार्यक्रम, फलफुल नर्सरी सुद्धढिकरण कार्यक्रम, कृषि मेसिनरी औजार मर्मत केन्द्र स्थापना, कोल्डरुम/पोटेवल काल्डच्याम्बर कार्यक्रम र कर्णाली प्रदेश सरकार मार्फत खडेरी सम्बोधन खाध्यान्न तथा तरकारी वीउ सहयोग लगायतका कार्यक्रम संचालन भई रहेको छ ।
८. यस नगरपालिका भित्र विभिन्न प्रकृतिका ६६ वटा पुराना सहकारीहरु सक्रिय अबस्थामा रहेका छन् भने ३ वटा नयाँ सहकारी चालु आ.व.मा नयाँ दर्ता भएका छन् ।
९. लद्युम विकास कार्यक्रम तर्फ रोजगारीका लागि मोटर ड्राईभिङ्ग सिप विकास तालिम ५० जना, मसला उत्पादन तथा प्रशोधन सम्बन्धी तालिम २० जना, घास कटिङ्ग सम्बन्धी तालिम १५ जनालाई प्रदान गरिएको छ भने सोहि कार्यक्रम तर्फ पुनर ताजकी तालिम ढाँका तान वुनाई तालिम ११ जना, इन्टरलग इट्टा निर्माण सम्बन्धी तालिम १० जना, सिलाईकटाई सम्बन्धी तालिम १० जना र डल तथा कुशन सम्बन्धी तालिम १२ जनालाई प्रदान गरिएको छ ।
१०. विभिन्न लद्यु उद्यमलाई प्रविधिका लागि सामाग्री हस्तान्तरण गरिएको छ ।

२) सामाजिक विकास क्षेत्र

१. न्यून शुल्कमा प्राविधिक शिक्षा अध्ययनका लागि प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद्को साझेदारीमा यस नगरपालिकाले पञ्चकोशी वहु प्राविधिक शिक्षालयको स्थापना गरी डिप्लोमा तहका ४ वटा शैक्षिक कार्यक्रम संचालन गरि रहेको र स्नातक तहमा प्राविधिक शिक्षा अध्ययनका लागि कृषि तथा वन विज्ञान विश्व विद्यालयको आंगीक कलेज प्राकृतिक स्रोत व्यवस्थापन कलेज दुल्लूको स्थापना गरी वि.एस्सी एजीको कक्षा संचालन भइ रहेको छ ।
२. संस्कृत शिक्षाको विकासका लागि पञ्चकोशी वेद विद्याश्रम नाभिस्थान विद्यालयको माध्यमिक तह सम्मको कक्षा संचालन र सोहि स्थानमा नेपाल संस्कृत विश्व विद्यालयको आंगिक क्याम्पस स्थापनाका लागि प्रक्रिया अगाडी बढाइएको छ ।

•

३. कक्षा १ देखि नै प्राविधिक र जिवन उपयोगी शिक्षा प्रदान गर्ने उदेश्यका साथ Learn and Earn विद्यालयको रुपमा नरेश्वर उद्यमसिल विद्यालयको संचालन गरिएको छ ।

४. गुणस्तरीय शिक्षाका लागि हुने बसाइसराई कम गर्नका लागि १३ वटै वडाका १३ वटा विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गर्न कार्यक्रम संचालन भएको छ ।

५. यस नगरपालिकाद्धारा संचालन गरिएको दुल्लू अस्पतालको स्तरोन्नती गरी ५० शैयाको अस्पताल बनाउन कार्यपालिकाबाट दरबन्दी स्वीकृत गरी आबश्यक प्रक्रिया अगाडी बढाईएको छ ।

६. जोखिममा परेको नागरीक, दिर्घरोगी, अशक्त, अपाङ्ग जस्ता नागरिकहरुलाई आर्थिक सहायता प्रदान गर्ने गरिएको छ ।

७. कम दरबन्दी भएका ५० वटा विद्यालयमा शिक्षक सहयोगका लागि अनुदान उपलब्ध गराइएको छ ।

८. दुल्लू नगरपालिका वडा नं. ६ मा दुल्लू इन्जिनियरिङ्ग कलेज स्थापनाका लागि जग्गा प्राप्तीको आवश्यक कार्य संचालन भई रहेको छ ।

९. सरस्वती मा.वि. कृष्णकोटमा ३ बर्षे पशु विज्ञान कार्यक्रम संचालनका लागि भौतिक पूर्वाधार तयार भै रहेको छ ।

१०. दुल्लू नगरपालिका भित्रका जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति र वालवालिका गरी १५५० जनालाई १७ करोड ८५ लाख ६१ हजार ५ सय ४५ रुपयाँ सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।

११. नगरपालिका क्षेत्रभित्र २५३२ वटा व्यक्तिहरुको व्यक्तिगत घटना दर्ता कार्य भएको छ ।

१२. दुल्लू नगरपालिका भित्र वहु क्षेत्रीय पोषण कार्यक्रम अन्तरगत सुनौला १००० दिनका १४० जना आमाहरुलाई करेसावारी निर्माणका लागि तरकारीको विउ र कन्या चाउ वितरण, व्यक्तिगत सरसफाई का लागि २०० जना आमाहरुलाई सरसफाई किट सहित ड्रम वितरण, विपन्न परिवारका ४०० जना गर्भवति आमाहरुलाई पोषण सुधार र घर पहिचानका लागि घर घरमा झण्डा, हात हातमा अण्डा कार्यक्रम, आयआर्जन सुधारका लागि महिला सहकारी संस्थाका विपन्न २५ जना सदस्यहरुलाई अनुदान दिने जस्ता कार्यहरु संचालन गरिएको ।

१३. दुल्लू नगरपालिका भित्रका अपाङ्गता भएका पूर्ण अशक्त, अति अशक्त, मध्यम, सामान्य प्रकृतिका ११८ जना व्यक्तिहरुलाई अपाङ्ग परिचयपत्र वितरण गरिएको छ ।

१४. छोरी विमाका लागि ३१८ जना छोरीको खाता खोलिएको छ र सबै वडाहरुमा करीव ५०० जना जेष्ठ नागरिकहरु लाभान्वित हुने गरी जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिएको छ ।

१५. दुल्लू नगरपालिका अन्तरगत दुल्लू अस्पतालमा निक साइमनसंगको सहयोगमा नर्मल अप्रेसन सहितको सेवा संचालनका लागि अस्पतालको स्तरोन्नती गर्ने कार्य भई रहेको छ ।

१६. प्रसुती अवस्थामा महिला र नवजात शिशुले अकालमा ज्यान गुमाउन नपरोस भन्ने मध्येका साथ २४ घण्टा १४ वटै स्वास्थ्य संस्था मार्फत सुरक्षित प्रसुती सेवा संचालन गरिएको छ ।

१७. यस नगरपालिका अन्तरगतका विभिन्न स्वास्थ्य संस्थाहरुबाट ६५० जनाले सुरक्षीत प्रसुती सेवा प्राप्त गरेका छन् । ६२८ जना महिलालाई टि.टि. खोप, ७०३ जना वालवालिकालाई एमसिजी खोप, ६८५ जना वालवालिलाई आइ खोप लगाउने कार्य भएको छ ।

१८. कोभिड १५ विरुद्धको खोप ४० हजार ८५ जनालाई लगाइएको छ ।

३) पूर्वाधार विकास क्षेत्र

१. संघीय सरकारको सहयोगमा तल्लोडुङ्गेश्वर दुल्लू पिपलकोट सडकको तल्लोडुङ्गेश्वर दुल्लू खण्डको १२ कि.मी., माथिल्लो डुङ्गेश्वर बैंक दुल्लू सडक कालोपत्रे र किर्तिखम्ब देखि घियातिदूसम्मको सडक पक्कीनाला सहित स्तरोन्नती गर्ने काम संचालन भई रहेको छ ।

२. नगरपालिका भित्र २०५ कि.मी. सडक रहेकोमा उक्त सडकहरुको नियमित सरसफाई र केहि सडकहरुको स्तरोन्नती गरिएको छ ।

३. कर्णाली प्रदेश सरकार मुख्यमन्त्री रोजगाकार कार्यक्रम अन्तरगत प्राप्त अनुदानबाट नगर भित्रका १५ वटा भित्रि सडकहरुको स्तरोन्नती गर्ने कार्य सम्पन्न भई भुक्तानीको चरणमा रहेको छ । जसले गर्दा करिब ५०० जना स्थानीय नागरिकहरुले अर्पकालिन रोजगारी प्राप्त गरेका छन् ।

४. दुल्लू नगरपालिका वडा नं. १३ स्थित काउलेखोला र वान्द्रेखोलामा झोलङ्गे पुल निर्माणका आवश्यक प्रक्रिया अगाडी बढाइएको छ ।

५. दुल्लू नगरपालिकाकाको वडा नं. ५ बाहेक अन्यसबै वडा कार्यालय, स्वास्थ्य चौकी, अधिकांस माध्यमिक विद्यालय र नगरपालिका क्षेत्र भित्रको ६५ प्रतिशत बस्तिमा विद्युतीकरण भएको छ ।

•

६. नगरपालिकाको आफ्नै प्रशासनिक भवन, सवै वडाका वडा कार्यालय र स्वास्थ्य संस्थाका भवनहरुको निर्माणको कार्य सम्पन्न भएकोछ ।
७. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत केही सामुदायिक विद्यालयको भौतिक निर्माणका कार्य सम्पन्न भएको छ ।
८. संघीय सरकारको अनुदानबाट पञ्चकोशी पर्यटन पूर्वाधार विकास कार्यक्रम र कर्णाली प्रदेश सरकारको नव प्रबर्द्धन साझेदारी कोषको अनुदानबाट भैरबी गाउँपालिकासंगको समन्वयमा पञ्चकोशी क्षेत्रको विकास सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन भई रहेका छन् ।
९. परम्परागत रितीरिवाज र संस्कृतिहरुलाई प्रवर्द्धन गर्न विभिन्न मठमन्दिरहरुको निर्माण, पञ्चेवाजा संरक्षण गर्ने कार्य भएको छ ।

४) वन वातावरण तथा विपद् व्यवस्थाप क्षेत्र

१. विपद् व्यवस्थापनका लागि दातृ निकायहरुसंगको समन्वयमा आबश्यक सामाग्रीहरुको समुचित व्यवस्थापन गर्ने, विपद्कोषमा २५ लाख एकमुष्ठ र १ लाख भन्दा माथिका सबै योजनाबाट १ प्रतिशत रकम कट्टा गरी विपद् व्यवस्थापनकोषमा जम्मा गर्ने गरिएको छ ।
२. आपतकालिन कार्य संचालन केन्द्र, जोखिम भू-उपयोग योजना, विपद् सम्बन्धी सिकाइ केन्द्रको स्थापना भई संचालनमा रहेको छ ।
३. तयार नेपाल, भकारी, उत्थान परियोजना, जिआएजेट, मानसिक स्वास्थ्य लगायतका कार्यक्रमबाट आपतकालिन अबस्थामा आवश्यक पर्ने सामाग्रीहरु प्राप्त भएका छन् ।
४. करीब १ करोडको लागतमा बडीमुलमा वायो इन्जिनियरिङ्ग कार्यक्रम सम्पन्न भएको छ ।
५. १३० जना प्रकोप पीडित व्यक्तिहरुलाई विपद् कोषबाट न्यूनतम ५ हजार देखि अधिकतम १२ हजारसम्म राहत वितरण गरिएको छ ।
६. फोहोरमैला व्यवस्थापनका लागि कर्णाली प्रदेश सरकारको नवप्रबर्द्धन साझेदारी कोष मार्फत नारायण नगरपालिका, चामुण्डाविन्द्रासैनी नगरपालिका, भैरबी गाउँपालिकाको समन्वयमा यस नगरपालिकाले स्वच्छ नगरपालिका, स्वस्थ्य नागरिक र स्थानीय रोजगारीका लागि फोहोरलाई मोहोर कार्यक्रम लागु भई संचालन भई रहेको छ ।

५) सुशासन तथा सस्थागत क्षेत्र

१. पारस्पारीक हित र सहयोग अभिबृद्धिका लागि धुलिखेल नगरपालिका काभ्रे र चामुण्डा विन्द्रासैनी नगरपालिका दैलेखसंग भगिनी सम्बन्ध कायम गरिएको छ ।
२. सवै वडा कार्यालय र राजश्व शाखामा विद्युतीय प्रणालि मार्फत राजश्व संकलन गर्ने कार्य भएको छ ।
३. सामाजिक सुरक्षा भत्ता बैङ्कि प्रणाली मार्फत वितरण भई रहेको छ ।
४. नगरपालिकाको सेवा प्रबाहलाई व्यवस्थित बनाउन विभिन्न ७२ वटा ऐन नियम कार्यविधिहरु स्वीकृत गरिएको छ ।
५. चालु आ.व. मा नगर कार्यपालिकाका १५ वटा बैठक, विभिन्न विषयगत समितिका बैठक, शिक्षा समितिका बैठक, आवश्यकता अनुसार न्यायीक समितिका बैठक, २ वटा नगरसभा संचालन भएका छन् ।
६. लेखा प्रणालीलाई व्यवस्थित गर्न सुत्र, खरिद प्रक्रियालाई व्यवस्थित गर्न पाम्स र विद्युतीय भुक्तानी प्रणाली (भ्ँत्) प्रयोग गरिएको छ ।
७. बार्षिक योजना किताब, त्रैमासिक बुलेटिन, वेएभसाईड मार्फत नगरपालिकाका गतिविधि सार्वजनिक गर्ने गरीएको छ ।
८. रु ३ लाख भन्दा कमका आयोजनाहरु वडा स्तरीय अनुगमन समिति र सो भन्दा माथिका आयोजनाहरु नगरस्तरिय अनुगमन समितिले आयोजना अनुगमन गर्ने गरिएको छ ।
९. संचालित आयोजनाहरुमा कन्टिजेन्सी २.५ प्रतिशत र ५ लाख भन्दा बढिका आयोजनामा मर्मत संभारकोष २ प्रतिशत छुट्याउने गरिएको छ ।
१०. चालु आ.व.मा घरनक्सा पास स्वीकृतका लागि २० वटा निवेदन प्राप्त भएकोमा ८ वटा घरको घरनक्सा पास भएको र १२ वटा घरहरु निर्माण प्रक्रियामा रहेका छन् ।
११. महिला स्वास्थ्य स्वयमसेविकाहरुको कार्यक्षमतालाई थप प्रभावकारी बनाउन प्रोत्साहन भत्ता वितरण गरिएको छ ।

•

६) गैर सरकारी संघसंस्थाहरुवाट सम्पन्न कार्यक्रमहरुको समिक्षा :

१. यस दुल्लू नगरपालिका क्षेत्रमा हेल्भेटास नेपाल, तयार नेपाल, सामाजिक सेवा केन्द्र सोसेक दैलेख मार्फत उत्थान परियोजना, एकिकृत जलस्रोत व्यवस्थापन कार्यक्रम, सेवक दैलेख मार्फत भकारी परियोजना, आवाज संस्था मार्फत सुरक्षीत महिनावारी वालवालिकाह न्यूनिकरण, एभरेष्ट क्वल मार्फत सेफद सेल्ड्रेन, सिएमसि नेपाल मार्फत मानसिक स्वास्थ्य परामर्श कार्यक्रम लगायत अन्य विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुले विभिन्न भौतिक पूर्वाधार निर्माण र लक्षित वर्ग क्षमता विकासका कार्यक्रम नगरपालिकासंगको समन्वयमा संचालन गरेकोमा ती कार्यक्रमहरुको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको छ ।

२. नगरपालिकामा लागु भएको तयार नेपाल परियोजनाले २० र ३० केभिएका २ वटा जनेरेटर, नगरपालिकालाई पुग्ने सोलार सिस्टम, विपद्को समयमा संचालन गर्नका लागि १७ वटा भि.एच.एफ. रेडियो सेट प्रदान गरेको छ ।

३. जलस्रोत व्यवस्थापन कार्यक्रम हेल्भेटास नेपालको आर्थिक सहयोग र यस नगरपालिकाको सह लगानीमा जल उपयोग गुरु योजना तयार गरि विभिन्न वडाहरुमा खानेपानी तथा सरसफाईका योजनाहरु संचालन गरिएका छन् ।

४. आशा परियोजनाबाट विभिन्न वडामा जलवायु अनुकुलन कार्य योजना (लापा) तयारी तथा तत् वमोजिम विभिन्न खानेपानी तथा सिचाईका योजनाहरु र अन्य आयआर्जनका क्रियाकलापहरु संचालन भई रहेका छन् ।

५. सामाजिक सेवा केन्द्र सोसेक नेपाल मार्फत नगरपालिकाका वडा नं. १,२,३, ४ र ५ मा उत्थान परियोजना अन्तरगतका विभिन्न आयोजना, कार्यक्रम तथा तालिमहरु संचालन भई रहेका छन् ।

६. मानसिक स्वास्थ्य तथा परामर्श केन्द्रको सहयोगमा नगरपालिका भित्रका मानसिक रोगी, घरेलु हिंसा पिडीत महिला तथा वालवालिका लगायतका व्यक्तिहरुलाई उपचार पुनस्थापन उद्धार र राहतका क्रियाकलापहरु संचालन गरिएका छन् ।

७. माथि उल्लेखित संघ संस्था लगायत अन्य दातृ निकाय तथा गैर सरकारी संघ संस्थाहरुबाट यस नगरपालिकाको समग्र विकासका निम्ती भएका सहयोग र प्रयासहरु प्रशंसनिय प्रयासहरु स्वागत योग्य छन् ।

७) समस्याहरु :-

१. भौतिक पूर्वाधारका योजना निर्माण गर्दा उपभोक्ता समितिसंग ढिलो सम्झौता हुनु र कार्यक्रम सम्पन्न गरी आ.व.को अन्तिम दिनमा मात्र भुक्तानीका लागि फाइल पेश गर्नु ।

२. विकास निर्माणमा जन सहभागीको कमजोर स्थिति भएको ।

३. संघ र प्रदेशबाट प्राप्त कार्यक्रमहरुमा रकम अप्रयाप्त हुदाँ नगरपालिकालाई थप भार परेको ।

४. आमा सुरक्षा, वाल विकास कर्मचारी र विद्यालय कर्मचारी लगायतको तलब भत्ता निकासा बजेट अभावका कारण समस्या उत्पन्न भएको ।

५. विना पूर्व सम्भाव्यता अध्ययन नगरी टुक्रे योजना छनौट गर्नु ।

६. दक्ष कामदारको अभाव ।

•

आगामी आ.व. २०७९/०८० को नीति तथा कार्यक्रमहरु

सोच :

उपलब्ध स्रोतको प्रभावकारी परिचालन मार्फत समृद्ध दुल्लूको निर्माण गर्ने

लक्ष्य :

- कृषि, पर्यटन, पूर्वाधार विकास लगायत नागरिकहरुमा प्रत्यक्ष रोजगारी श्रृजना गर्ने कार्यक्रम तर्जुमा गरी आर्थिक सामाजिक रुपान्तरणका माध्यमवाट जनताको जीवनस्तर सुधार ल्याउने ।
- दुल्लू नगरपालिकाका धार्मिक, सांस्कृतिक र पर्यटकीय क्षेत्र पहिचान गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्ने

उद्देश्य

- महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) बाट प्रभावित नागरिकहरुको सहज जीवनयापनका लागि रोजगारीमुलक कार्यक्रमहरु संचालन गर्ने ,
- आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद् व्यवस्थापन लगायतका क्षेत्रगत योजनाको निर्माण कार्यमा नागरिकहरुलाई प्रत्यक्ष रुपमा रोजगारी प्राप्त गर्ने गरी अन्तरसम्वन्धित गराई दिगो विकासका संरचनाहरु निर्माण गर्ने ,
- नागरिकहरुको मौलिक अधिकारको रुपमा रहेको स्वास्थ्य तथा शिक्षा क्षेत्रमा उल्लेख्य उपलव्धी हासिल गर्न संस्थागत विकास लगायत जनशक्ति विकास र क्षमता विकास हुने खालका कार्यक्रमहरु तर्जुमा गर्ने,
- व्यावसायीक कृषि खेति र पशुपालन गर्न कृषकहरुलाई प्रोत्साहन गर्न कृषकमैत्री कार्यक्रमहरुको निर्माण गरी आयत प्रतिस्थापन र निर्यात व्यवस्थापन कार्यमा जोड दिने,
- नगरपालिका क्षेत्रमा रहेका धार्मिक एवं सांस्कृतिक पर्यटकीय क्षेत्रको विकास, प्रवर्द्धन र प्रचार प्रसार गरी आन्तरिक तथा वाह्य पर्यटनलाई प्रवर्द्धन गर्ने
- लक्षित वर्ग समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक सशक्तिकरण गरी समावेशी एवं समन्यायिक विकासको माध्यामवाट रोजगारीको अवसर श्रृजना गर्ने,
- विभिन्न तहका सरकारहरु तथा विभिन्न विकास साझेदारहरुसँगको साझेदारीमा नगरपालिकाका ठूला पूर्वाधार विकासमा जोड दिने,
- सार्वजनिक श्रोतको प्रभावकारी परिचालन गरी प्राथमिकीकृत लगानी, आर्थिक अनुशासन, नविन प्रविधिको उपयोग र प्रशासनिक सुधार गरी सुरक्षा र सुशासन कायम गर्ने ।

अपेक्षित उपलव्धीहरु

- विषय क्षेत्रगत योजना कार्यक्रम तथा नीतिको कार्यान्वयनवाट तत् तत् क्षेत्रमा क्रमशः सुधार आई अनुभुति गर्न सक्ने गरी दुल्लूवासीको जीवनस्तर तथा जीवनशैलीमा सुधार आएको हुनेछ ।

वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति आधारहरु

१) नेपालको संविधान

२) १५ औ योजना

२) स्थानीय सरकार संचालन ऐन, २०७४

३) राष्टिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

४) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४,

५) संघ र प्रदेश सरकारले अवलम्वन गरेका नीतिहरु

६) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८

७) उपलव्ध स्रोत साधन आदी

•

सभाध्यक्ष महोदय,

अव म आगामी आ.व.२०७५।०८० का लागि दुल्लू नगरपालिकाले अवलम्वन गरिने मुख्य मुख्य क्षेत्रगत नीति पेश गर्ने अनुमति चाहन्छु ।

क्षेत्रगत नीति तथा आधारहरु :

क) राजश्व नीति :

१. राजश्वका दर तथा दायरलाई फराकिलो गर्नुका साथै राजश्व वृद्धि हुने खालका नवप्रवर्तनकारी क्षेत्रको पहिचान गरिनेछ ।
२. कर तिर्न प्रोत्साहन गरी समयमै कर बुझाउनेलाई छुट तथा विलम्व गर्नेलाई विलम्व शुल्क लिने व्यवस्था गरिने छ ।
३. साना तथा ठुला व्यबसाय बिकास, करको दायरामा बिस्तार र नियमन गरिनेछ ।
४. स्थानीय वजार अनुगमनका माध्यामवाट व्यापार व्यवसाय संचालन गरिरहेका तर करको दायरामा नआएका व्यवसायीहरुलाई करको दायरामा आउन प्रोत्साहित गरिनेछ ।
५. दुल्लू नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न नदी तथा घाटहरुवाट राजश्व अभिवृद्धिका लागि ढुंगा, गिट्टी वालुवा उत्खनन् गर्ने गराउने नीति अख्तियार गरिनेछ ।
६. वन र वनपैदावरलाई विक्रि वितरण गर्दा उठ्ने राजश्वको १० प्रतिशत रकम न.पा.मा जम्मा हुने व्यवस्थाका लागि प्रदेश सरकारसंग समन्वयमा कार्य अगाडी बढाईनेछ ।
७. दुल्लु नगरपालिकाको कर राजस्वको अभिलेख अद्यावधिक गरि राजस्व असुलीलाई प्रभावकारी बनाईनेछ ।

ख) आर्थिक विकास नीति :

१. बाझो जग्गालाइ उपयोग गर्दै, रोजगारी सृजना गरी गरिबी निवारण गरिनेछ ।
२. कृषिको बिकास, आधुनिकीकरण, ब्यबसायीकरण तथा बजार प्रबर्द्धन गर्दै लगिने छ ।
३. घरेलु उद्योग प्रबर्द्धन तथा ठुला उद्योगका लागि कच्चा पदार्थको उत्पादन र निकासी गरिनेछ ।
४. पर्यटन बिस्तारमा टेवा, प्रचार प्रचार, होमस्टे संचालन गरिनेछ ।
५. कृषि तथा पशुपालन र न.पा.मा हस्तान्तरण भई आएका सहकारीहरुलाई लक्षित गरी आर्थिक विकासका क्रियाकलापहरु संचालन गरिनेछ ।
६. बित्तीय श्रोतमा जनसमुदायको प्रत्यक्ष पहुँच बिस्तार र बिकासमा जोड दिईनेछ ।
७. नगर क्षेत्रलाई खाद्यन्नमा आत्मनिर्भरता वनाउन एक गाउँ एक उत्पादनको कार्यक्रमलाई अगाडि बढाउनु साथै नगर क्षेत्र भित्र रहेको बाँझो जमिनमा सामुहिक, समुहगत र व्यक्ति खेती गरी कृषि उत्पादनमा वृद्धि र स्वरोजगारी श्रृजना गरिनेछ ।
८. निर्यातयोग्य वस्तुहरुको वजारीकरण गर्दै उत्पादकत्वलाई वृद्धि गरिने छ ।
९. मासु, अण्डा र तरकारीमा नगरपालिकालाई आत्म निर्भर बनाउन पहल गरिनेछ ।
१०. नीजि, सार्वजनिक र सहकारीको माध्यमवाट साझेदारी उद्योगहरु स्थापना गरिने छ ।
११. हरेक नागरिकले बैंक खाता खोली सोहि मार्फत आर्थिक कारोवार गरी आफ्नो आम्दानीको वचत र सुरक्षा गर्न नगरपालिकावाट सन्देशमुलक सूचना प्रवाह गरिनेछ ।
१२. बैंक, वित्तीय संस्था, सहकारीहरुको अभिलेख व्यवस्थापन गरी सेवाप्रवाहको सन्तुष्टि मापन गर्ने र आवश्यक सल्लाह सुझावको लागि नगरपालिकाले नेतृत्वदायी भूमिका निर्वाह गर्ने रणनीति अवलम्वन गरिनेछ ।
१३. विभिन्न निकायसंग समन्वय तथा सहकार्य गरी सितभण्डार स्थापना गर्ने व्यवस्था मिलाईनेछ ।
१४. विषादी न्यूनिकरण गरी जैविक कृषि प्रविधिलाई प्रोत्साहन गरिनेछ ।
१५. रैथानेवालीको संरक्षण गरी स्थानीय स्तरमा वीउ बैंक स्थापना गर्ने व्यवस्था मिलाईनेछ ।
१६. स्थानीय प्रविधि मार्फत जैविक विषादी निर्माणको स्थानीय प्राविधिक उत्पादन गर्ने व्यवस्था मिलाईनेछ ।
१७. प्राङ्गारिक मलखाद कारखानाको स्थापना गरी मलमा आत्मनिरभर नगरपालिका बनाउन पहल गरिनेछ ।
१८. कृषि औजार कारखानाको स्थापनामा निजी सार्वजनिक सहकारी र तिनवटै तहको सरकारको सहभागितामा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।
१९. उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गरिनेछ ।

•

२०. पशु वधशाला निर्माण गरी उपभोक्ताहरुलाई स्वच्छ र सुरक्षित मासु उपलव्ध गराउने व्यवस्था मिलाईनेछ ।

२१. पशु प्रयोगशालाको स्थापना गर्न सम्वन्धित निकायमा पहल गरी पशुपंक्षीमा हुने विभिन्न खाले रोगकोको नियन्त्रण गर्ने व्यवस्था मिलाईनेछ ।

२२. वेरोजगारी समस्या समाधानका लागि नगरस्तरमा संचालन गरिने योजना तथा कार्यक्रमहरुमा श्रममैत्री बनाइनेछ ।

२३. दुल्लू नगरपालिका अर्न्तरगतका १ देखी १३ वटै वडाहरुलाई एक वडा एक कृषि वालीबस्तु पकेट पहिचान क्षेत्र निर्माण गरिनेछ ।

२४. क्षेत्रीय सम्भाव्यताका आधारमा भौगोलिक विशेषता प्रतिविम्वित हुनेगरी उष्ण, उपोष्ण र समशितोष्ण अनुसारको जलवायू अनुसारको उपयूक्त व्यावसायीक पकेट क्षेत्रको विकास गर्न एकीकृत प्याकेज कार्यक्रम लागु गरिनेछ । यसमा कम आयतन बढी मुल्य पर्ने अलैची, मौरी, च्याउ, कफी, जडीबुटी फलफुल, स्याउ, केरा, आप, किवी, एभोकाडो लिची, नास्पाती, हलुवावेद, अनार तथा अमिलो जातका फलफुल बेमौसमी तरकारी, तरकारी विउ, मसला बालीमा विशेष जोड दिइनेछ ।

२५. वडाको सम्भाव्यता अध्ययन गरी कृषि पकेट क्षेत्र विशेष कार्यक्रम संचालन गरिनेछ,

२६. एक वडा एक नर्सरी व्याड स्थापना गरी वडास्तरवाटै आवश्यक वीउविजन (कृषि, फलफूल, जडीवुटी लगायत) वडास्तरमै हुने वातावरणको श्रृजना गरिनेछ,

२७. व्यावसायीक कृषकहरुको स्तरीकरण गरी कृषक प्रोत्साहनका कार्यक्रमहरु संचालन गरिनेछ,

२८. कृषि क्षेत्रको उत्पादन बृद्धी गराउन भौगोलिक स्थिति अनुसार स्थानीयस्तरमा उपलब्ध जलश्रोत मुहान लाई साना सिंचाई, पाइप सिंचाइ कुलो, पोखरी सितल थोपा र प्लाष्टिक पोखरी प्रयोगमा ल्याउन जोड दिइनेछ । साथै उपलब्ध सिचाईले बाली सघनतामा बृद्धी भई खाद्य सुरक्षा तथा रोजगारीको अवसर सिर्जना गरिनेछ जसबाट गरिवी निवारणमा टेवा पुग्नेछ ।

२९. जैविक विविधताको संरक्षण गर्दै नदी किनार र वनमा खेती प्रणालीको विकास गरिनेछ ।

३०. विषादीको न्यूनतम प्रयोगको निमित्त एकीकृत बाली संरक्षण प्रविधिको ब्यवस्थापन प्रणालीको प्रर्वद्धन गरिनुको साथै प्राङ्गारिक मल, जैविक मल, जैविक विषादी तथा मलमा आधारित कृषि उत्पादन (अर्गानिक खेतीलाई) जोड दिइनेछ ।

३१. खाद्य, दलहन, तेलहन, मसला र कृषि जडीबुटी वागवानी आलंकारीक पुष्प जस्ता क्षेत्रहरुमा दिगो उत्पादन गर्न र उत्पादकत्व अभिवृद्धी गर्न कृषि जैविक विविधता संरक्षण र रैथाने लोपोन्मुख बाली फापर चिनो कागुनो उवा कोदो जस्ता बाली प्रर्वद्धनका लागी अध्ययन अनुसन्धान सँगै उपयोग गर्न निजी, सहकारी, कृषि समूह क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

३२. वातावरण संरक्षण र प्रदुषण न्यूनिकरण गर्न कृषि पर्यावरण कार्यमा जोड दिईनेछ ।

३३. माटो परिक्षण, माटो उपचार र माटोको उर्वराशक्ति बढाउनेजस्ता कार्यक्रम संचालन गरिनेछ ।

३४. कृषि बजार विस्तार गर्न स्थानीयस्तरमा कृषि बजार, संकलन केन्द्र, थोक बजार र हाट बजार निर्माणको साथै शीतभण्डार स्थापनामा पहल गरिनेछ र कृषि उपज मुल्य सुचना पाटि संचालनमा ल्याईनेछ ।

३५. दुल्लू नगर भित्र नगरस्तरीय स–साना कृषि प्रसोधन र भण्डारणको व्यवस्था गरिनेछ ।

३६. विज बृद्धी (धान, मकै, गहु) कार्यक्रम सहकारी, कृषि सहकारी, कृषि समूह कृषि फर्ममा संचालन गरी आगामी वर्ष नगरलाई आवश्यक पर्ने उन्नत विउ त्यस्ता समूहबाट पुर्ति गरिनेछ ।

३७. बाँझो जग्गा सदुपयोग गर्न विदेशबाट फर्किएका बेरोजगार, कृषि पढेका यूवा, महिला कृषक जनशक्तिलाई कृषि ऋण सरल सुलभ उपलब्ध गराउन वित्तिय संघ सस्थाहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

३८. बाली बिमा कार्यक्रमलाई व्यापक विस्तार र संचालनमा गरिनेछ ।

३९. किसानले उत्पादन गरेका कृषि उपजको बजारीकरण सुनिश्चित गरिनेछ ।

४०. कृषिमा विकास र आधुनिकिकरण गर्न कृषि यान्त्रिकरणका कार्यक्रम संचालनमा ल्याईनेछ ।

४१. सजावटयुक्त कृषि पर्यटनमा (Decorative Agro Tourism) जोड दिइने छ ।

४२. विपन्न, अति विपन्न दलित, जनजाती आदिवासी अल्पसंख्यक अपांग, असाहय, एकल वृद्धा वृद्धहरुको लागी कम श्रम कम लगानीमा (कन्ये च्याउ, मौरी पालन अलैची, कफी जस्ता कार्य) बढी प्रतिफल प्राप्त गर्ने कार्यक्रम संचालन गरिनेछ ।

४३. विकास साझेदारहरुको समन्वयमा कृषि विकासका लागी अल्पकालीन र दिर्घकालीन गुरु योजना बनाईनेछ ।

४४. हिउदे तथा वर्षे फलफुल नर्सरीहरुको स्थापना भईसकेका तथा नयाँ स्थापना कार्यमा प्रर्वद्धन र सहयोग गरिनेछ ।

•

४५. यस नगरभित्रका किसानका खेतबारीका समस्या, गुनासो सुनुवाई र समधान तथा परामर्शको लागी (निशुल्क फोन गर्दा पैसा नलाग्ने टोल फ्री नम्वर) किसान कल सेन्टरको संचालनमा ल्याईनेछ ।

४६. कृषि र शिक्षालाइ जोडि असल कृषक तयार गरिने छ ।

४७. कृषिको लागि आवश्यक दक्ष जनशक्ति सेवा करार र स्थायी पदपुर्ति मार्फत सेवा प्रभावकारी बनाईनेछ ।

४८. पशुपालन ब्यबसायलाई आर्थिक विकासको मेरुदण्डको रुपमा विकास गर्ने निति लिइने छ ।

४९. निर्वाहामुखी पशुपालनलाई आधुनिक एवं ब्यबसायीक पशुपंक्षीपालनको रुपमा विकास गरी दुध, मासु र अण्डामा आत्मनिर्भर गराईने छ ।

५०. हाल दानामा आधारति पशुपालन वाट पशु एवं पशुजन्य उत्पादनमा देखियको उच्च लागतलाइ न्युनिकरण गर्न घांसमा अधारित पशुपालनलाई जोड दिइने छ । जसका लागि बर्षै भरी हरियो घांस उत्पादन गर्न उन्नत जातको घांस खेति लाई उच्च महत्व दिई उन्नतजातका घांस खेतिको लागि उन्नत एवं पोषिलो घांसको विउ तथा बेर्ना वितरण गरिने छ साथै घांस पराल काट्ने चारा मेसिन च्यापकटहर सहकार्यमा वितरण गरी कृषकहरुले लाभलिने छन ।

५१. पशुपालनको उत्पादन एवं उत्पादकत्व बृद्धि गर्न पशु नश्ल सुधारको निति अवलम्वन गरिने छ । नश्ल सुधारका लागि गाई भैसी र बाख्रामा कृतिम गर्भाधानको कार्यलाई अभियानकै रुपमा सन्चालन गरि पशु जन्य उत्पादनमा वृद्धी गरिने छ ।

५२. पशु बस्तुको स्रोत केन्द्र स्थापना गर्न गाई भैसी र बाख्राको पकेट क्षेत्र छनौट गरी कृषक समुह, पशुपालन सहकारी, दुध उत्पादन सहकारी मार्फत कार्यक्रम सन्चालन गरीने छ ।

५३. पशु स्वास्थ्य कार्यक्रम अन्तरगत विरामी पशुको औषधि उपचार, रोगनिरोधक खोप, महामारी नियन्त्रण कार्यक्रम नियमित रुपमा सन्चालन गरिने छ । सेवाको पहुंचवाट टाढा रहेको क्षेत्रमा निशुल्क पशु स्वास्थ्य शिविर सन्चालन गरिने छ ।

५४. पशु वस्तुको रोग निदानको लागी मिनिल्याव स्थापना गरिने छ साथै रोग निदानको लागि पशुवस्तुको नमुना संकलन गरी क्षेत्रिय, केन्द्रिय पशुरोग अन्वेषाण प्रयोगशालामा पठाइने छ ।

५५. परम्परागत रुपमा रहेका कृषकहरुका लागि गोठ, भकारो सुधारको कार्यक्रम ल्याइने छ । पशु उत्पादनको वजारिकरणको लागि मिल्क क्यान वितरण गरिने छ । पशु उत्पादन बजारिकरणका लागी डेरी पसल सुधार, मासु पसल सुधार र दुध संकलन केन्द्र स्थापना जस्ता कार्यक्रम सञ्चालन गरिने छ ।

५६. ब्यबसायिक कुखुरा पालक कृषकको लागि प्रतिस्पर्धाका आधारमा फर्म सुधारका कार्यक्रम ल्याइने छ ।

५७. कृषकहरुका लागी ब्यबसायीक पशुपालन तालिम, उन्नत घांस खेति तालिम, सन्तुलित पशु आहारा बनाउने तालिम र पशु विमा सम्बन्धि तालिमको ब्यबस्था गरिने छ ।

५८. पशु स्वास्थ्य नियमन कार्यक्रम अन्तरगत पशु औषधि पसल, पसुपक्षि फार्म, मासु पसलको तथ्याक संकलन, अनुगमन, निरीक्षण गरी प्रतिवेदन तयार गरिने छ । साथै यस क्षेत्रमा काम गरिरहेका पशु स्वास्थ्य कर्मी दर्ता तथा नविकरण गरिने छ ।

५९. युवाहरुलाई पशुपालन क्षेत्रमा आकर्षण गरी स्वदेसमै रोजगारका अवसर हरुको सृजना गर्न युवाहरुको लागी युवा लक्षीत पशुपालन कार्यक्रम ल्याइने छ । जस्मा प्रतिस्पर्धाका आधारमा गाई पालन, भैसी पालन, बाख्रा पालन, बंगुर पालन र बजारिकरण जस्ता कार्यक्रम सन्चालन गर्न अनुदान उपलब्ध गराइने छ ।

६०. एक वडा एक सहकारी बनाई सहकारीलाई उत्पादनमा लगाइनेछ ।

६१. दुल्लू नगरपालिका भित्र कृषिसंग सम्वन्धित दिवस, सप्ताह अभियान, शिवीरजस्ता सचेतनामुलक कार्यक्रम थप प्रभावकारी ढंगले संचालन गरिनेछ,

६२. खाद्यन्न बालिको क्षेत्र विस्तार र उत्पादन वृद्धिका कार्यक्रम संचालन गरिनेछ,

६३. दुल्लू नगरपालिका वडा नं १३ खातिगौडा र वडा नं ६ को खर्चे गैरामा तरकारीको विउ उत्पादन विकास पूर्वाधार कार्यक्रम संचालन गरिनेछ,

६४. दुल्लू नगरपालिका वडा नं २ को तरियाँ वडा नं ३ को सियाँला वडा नं ६ रुमालथान सिस्ने, वडा नं ४ को भण्डारीटोल, सानगाउँ र तल्लीपाउँ वडा नं ५ रिजु, वडा नं १२ लमस्तडा, वडा नं. ७ को खेतगाउँमा तरकारी बाली बेमौसमि तरकारी खेती आलु बालीको विशेष क्षेत्र घोषणा गरि कृषि कार्यक्रम संचालन गरिनेछ,

६५. दुल्लू नपा वडा नं ४,५,६ ८,११ मा फलफूल नर्सरी स्थापना र सुदृढिकरण कार्यक्रमहरु संचालन गरिनेछ,

•

६६. दुल्लू नगरपालिका र विभिन्न सरकारी ,गैर सरकारी संथाहरुको सहकार्य र समन्वयमा कृषि प्रविधिहरुको अध्ययन अनुसन्धान कृषि परिक्षण, प्रर्दशन/ट्रयाल संचालन गरिनेछ ।

६७. दुल्लू नगरपालिका र कृषि अनुसन्धान केन्द्र वागवानी किमुगाउँ दैलेख, कृषि विकास कार्यलय दैलेखको समन्वय र सहकार्यमा खाद्यन्न बालीको मूल विउ र प्रविधिमा सहकार्य गरि कृषि कार्यक्रमहरु संचालनमा ल्याइनेछ,

६८. दुल्लु नगरपालिका वडा नं ६, १२ र १३ लाई दलहन बाली मसुरो, भट्टमास, बोडी, गहत जस्ता बाली उत्पादन गर्ने समूह, सहकारी निजी उद्यमीहरुलाई विउ तथा कृषि पूर्वाधारहरु संचालन गरिनेछ ।

६९. नगरका १३ वटै वडाहरुमा एक घर एक करेशाबारी निमार्ण कार्यको सुरुवात गरिनेछ,

७०. दुल्लू नगरपालिका वडा नं ४,५,६,७,८,९,१० को सडक छेउछाउमा कृषि बजार को सम्भाव्यता हेरी कृषि हाट बजारको स्थापना गरि संचालन गरिनेछ,

७१. नगर प्रमुख उत्कृष्ट कृषक कार्यक्रम संचालन गरिनेछ,

७२. दुल्लू नगरपालिका अन्तर्गतका नरेश्वर उद्यमशिल विद्यालय, पञ्चकोशि बहुप्राविधिक विद्यालय, विजया मा.वि र प्राकृतिक श्रोत व्यववस्थापन कलेजको समन्वय र सहकार्यमा समुदायस्तर कृषि अनुसन्धान कार्यक्रम संचालन गरिनेछ,

७३. दुल्लू नगरपालिकालाई फलफूल बालिको क्षेत्रविस्तार र उत्पादन मा वृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ,

७४. कन्या, गोव्रे, सिताके च्याउ, कुरीलो खेति प्रविधि कार्यक्रम संचालन गरि आयआर्जन र रोजगार सृजना गरिनेछ,

७५. दुल्लू नगरपालिका वडा नं १,२,३ ८,९,११,१२ र १३ को तल्लो भ-ूभागमा आँप, केरा, अनार, लिची, अम्वा, ड्राइगन फ्रुट विशेष कार्यक्रम संचालन गरिनेछ,

७६. एक वडा एक बाली वस्तु विषेश बाझो जमिन उपयोग कार्यक्रम संचालन गरिनेछ,

७७. विभिन्न विकास साझेदारहरुको सहयोगमा एकिकृत सत्रु जिव व्यवस्थापन सिकाई केन्द्रको स्थापना, गुणष्तरीय विउविजन वितरण, जैविक मल प्रयोगमा प्रोत्साहन जस्ता कार्यहरु गरिनेछ,

७८. नगर क्षेत्रलाई खाद्यन्नमा आत्मनिर्भरता वनाउन एक गाउँ एक उत्पादनको कार्यक्रमलाई अगाडि बढाउनु साथै नगर क्षेत्र भित्र रहेको बाँझो जमिनमा सामुहिक, समुहगत र व्यक्ति खेती गरी कृषि उत्पादनमा वृद्धि र स्वरोजगारी श्रृजना गरिनेछ

७९. कृषिको बिकास, आधुनिकीकरण, ब्याबसायीकरण तथा बजार प्रबर्द्धन गर्दै लगिने छ,

८०. सहकारीको मूल्य, मान्यता तथा सिद्धान्तको अनुसरण गर्न गराउन नगरपालिका क्षेत्र भित्रका सवै सहकारीहरुलाई अभिप्रेरित गरिनेछ,

८१. सहकारीका सदस्यहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनुका साथै सामुहिक उद्योग संचालन गर्न अभिप्रेरित गरिनेछ,

८२. सहकारी क्षेत्रलाई सक्षम वनाउन वित्तिय सहयोग उपलव्ध गराउनुका साथै आवश्यक पूर्वाधारको विकास गरिनेछ,

८३. उत्पादन, प्रशोधन र वजारीकरणमा सहकारीको पुँजी परिचालनमा जोड दिईनेछ,

८४. दर्ता भई हालसम्म निस्क्रीय रहेका सहकारीहरुलाई सक्रीय वनाईने छ,

८५. उद्योग विकास शाखाको स्थापना र सबलिकरण गरिनेछ,

८६. उद्यम विकास तथा रोजगार सिर्जनासम्बन्धि रणनीतिक योजना तयार गरिनेछ,

८७. बजारको माग श्रोत तथा साधनको उपलब्धता र जनचाहनामा आधारित उद्यमहरुको स्थापना र ती उद्यमहरुको स्तरोन्नती गरिनेछ,

८८. वैदेशिक रोजगारीलाई निरुत्साहित गरी महामारीका कारण रोजगारी गुमाएका र स्वदेशमै केही गर्न चाहनेहरुका लागी रोजगारी अवसर प्रदान गरी समृद्धिको मूल धारमा ल्याउन विशेष पहल गरिने छ ।

८९. उद्योग क्षेत्रमा आवश्यक जनशक्तिको विकास र क्षमता अभिवृद्धी गरिनेछ,

९०. स्थानिय स्तरमै रोजगारीका अवसरहरु सिर्जना गरी नगरपालिकालाई समृद्ध बनाईनेछ,

९१. यस नगरपालिकामा बसोवास गर्ने गरिव, दलित, आदिवासी जनजाती, द्वन्द्वपिडीत महिला, अन्य विभिन्न कारणले वञ्चितीमा परेका वासिन्दाहरुलाई विभिन्न सिप विकास तालिम प्रदान गरी आर्थिक समृद्धिको मुल धारमा ल्याइ जिवनयापनमा सहजता ल्याइने छ ।

९२. उद्योग ब्यवस्थापनमार्फत नागरीकहरुलाई आकर्षित गर्नका लागि एक घर एक उद्यम नीति लिईने छ ।

९३. परम्परागत तथा स्थानीय सिप, प्रविधि र उपलब्ध श्रोतसाधलाई सदुपयोग गरी समग्र नगरका साथै देशको कला सँस्कृतिमा टेवा पुग्ने खालका क्रियाकलापहरु सञ्चालन गरिने छ ।

•

९४. स्वदेशी साथै अर्गानिक तरकारी, फलफुल आदि जस्ता खाद्यबस्तु उत्पादनका कार्यक्रमहरु सञ्चालन गरी मानव स्वास्थ्यमा प्रतिकुल असर पर्ने किसिमका खाद्यबस्तु उत्पादन गर्न निरुत्साहित साथै प्रतिबन्धित गरिनेछ,

९५. नगर उधमीहरुको प्रोफाईल तयार गरी तिनीहरुको उधमको मापन स्तर गरी थप वृद्धि विकासका कार्यक्रमहरु तयार गरिनेछ,

९६. उधमीहरुको उत्पादनको सुनिश्चितता गर्न बजार संयन्त्रहरुको विकास गरिनेछ,

९७. उधोग दर्ता, नविकरण प्रक्रिया संचालन गरी उधोग विकास शाखामा सो को जिम्मेवारी निर्धारण गरिनेछ,

९८. विपद जोखिम न्यूनिकरण र वातावरण प्रदुषणलाई न्यूनिकरण गर्नका लागि वडा तथा टोल वस्तीहरुमा घुम्ती कोष र सचेतना दिईने छ ।

९९. वातावरणलाई प्रत्यक्ष असर पर्ने किसिमका उधम तथा व्यावसायहरु संचालन गरिने छैन र वातावरण मैत्री उधम व्यवसाय संचालनमा ल्याउन पहल गरिने छ ।

ग) सामाजिक क्षेत्र विकास नीति :

१. यस नगरपालिकाका १३ वटै वडाहरुवाट जेहेन्दार दलित, जनजाती तथा अतिविपन्न परिवारका ४/४ जनाका दरले जम्मा ५२ जना विद्यार्थीहरुलाई **नगर प्रमुख छात्रवृत्ति कार्यक्रम** अन्तरगत पञ्चकोशी वहुप्राविधिक शिक्षालय दुल्लुमा निशुल्क अध्ययनको व्यवस्था गरिनेछ साथै सो कार्यका लागि तत्काल कार्यविधि तयार गरि लागु गरिनेछ,

२. यस नगरपालिकाका गर्भवती महिलाहरुलाई सुत्केरी गराउन कठिनाई भई सम्वन्धित स्वास्थ्य संस्थाको सिफारिसमा नगरपालिका वाहिर लैजानु पर्ने अवस्था भएमा त्यस्ता गर्भवती महिलालाई निशुल्क एम्वुलेन्स सेवा प्रदान गरिनेछ,

३. क वर्गका अपांगता भएका व्यक्तिहरु अपांग परिचयपत्र बनाउन यस नगरपालिकामा आएमा निजहरुलाई यातायात सुविधा उपलव्ध गराईनेछ,

४. विजया साहितिक पार्क सर्वसाधारणको लागि खुला गरिनेछ,

५. दुल्लु नगरपालिका वडा नं. ८ मा ५० शैयाको सामुदायिक अस्पताल निर्माणको लागि पहल गरिनेछ,

६. नगरपालिका क्षेत्र भित्र हुने विभिन्न कार्यक्रम, पैरवी, गोष्ठी, भेला, समिति गठन जस्ता कार्यको कार्यान्वयनमा महिला, अपाङ्गता भएका व्यक्ती, दलित, आदिवासी/जनजाती तथा ऐतिहासिक रुपमा वञ्चितीमा परेका सिमान्तकृत वर्गको प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिताको सुनिश्चित हुने किसिमको नीति लिइनेछ । सामाजिक कुरितीको रुपमा रहेको जातीय छुवाछुत, छाउपडी, बोक्सी, बालबिवाह घरेलु हिंसा लगायतको क्रियाकलापलाई दण्डनीय बनाई त्यस्तो कुरीतिको अन्त्य गर्ने नीति लिइने छ साथै सो कार्यका लागि जनप्रतिनिधि, कर्मचारी, सामुदायिक नेतृत्वकर्ताहरुको वृद्धि विकासमा विशेष कार्यक्रम संचालन गरिनेछ ।

७. वालवालिकाको हक हित संरक्षण तथा विकासको लागि नगरपालिकामा वाल अनुदान कोष स्थापना गरि सो कोषमा नगरपालिका तथा विभिन्न साझेदारहरु मार्फत रकम जम्मा हुने व्यवस्थाका लागि आवश्यक कानूनी प्रवन्ध गरिनेछ,

८. दृष्टि सम्वन्धी समस्या भएका व्यक्तिहरुको संरक्षण तथा सहायताका लागि नेत्र ज्योती संघ सँगको सहकार्यलाई निरन्तरता दिईनेछ,

९. विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक संस्थाहरुलाई इन्टरनेट संजालमा समेटिनेछ ।

१०. लैंगिक, सामाजिक, सांस्कृतिक रुपमा पछाडी पारिएका समुदायका सामुदायिक संस्थाहरुको संस्थागत विकासमा जोड दिईनेछ ।

११. नगरपालिकामा दर्ता भएका आमा समुह, सहकारी, कृषक समुह, उद्यमी र व्यासायीक संघसंस्थाको क्षमता विकास र राजश्व परिचालनमा विशेष जोड दिईनेछ ।

१२. स्वास्थ्य संस्थाको स्तरबृद्धि र गुणस्तरीय सेवा प्रवाहमा जोड दिनुका साथै न.पा. क्षेत्र भित्र रहेका सबै स्वास्थ्य संस्थाहरुमा सुरक्षित प्रसुती सेवा संचालन गरी मातृ तथा शिशु मृत्यूदरलाई न्यूनिकरण गरिने छ ।

१३. दुल्लू नगरपालिकाको मातहतमा संचालित दुल्लू अस्पतालको संस्थागत विकास र पूर्वाधार विकासका कार्यक्रम संचालन गरी अस्पताललाई स्तरवृद्धि गरिनेछ । दुल्लू अस्पतालमा सुविधा सम्पन्न ल्याव तथा अपरेशन थेटर (OT) संचालन गरिनेछ ।

१४. सहरी स्वास्थ्य केन्द्र विनायकको स्तरवृद्धि गरि ल्याव सेवा र गर्भवती सेवा तथा विनायक र सिंयालामा एम्वुलेन्स सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

१५. छिउडीपूसाकोट स्वास्थ्य चौकीलाई सरुवा रोग अस्पतालको रुपमा विकास गर्न गुरु योजना तयार गरिनेछ ।

•

१६. दुल्लू अस्पतालमा निर्माण भएको आईसोलेशन भवन, पिसिआर ल्याव लगायतका संरचनाको विकास गरी समुदायस्तरमा फैलिन सक्ने सम्भावित संक्रमणको जोखिमलाई न्यूनिकरण गर्नुका साथै स्वास्थ्य संस्थाहरुको संस्थागत विकास र जनशक्ति विकास तर्फ विशेष पहल गरिने छ ।

१७. स्वस्थ आहार विहार र स्थानीय स्तरमा पाईने जडिवुटीको प्रयोगवाट नसर्ने रोगको व्यवस्थापनको लागि जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ,

१८. आयुर्वेद, प्राकृतिक चिकित्सा तथा अन्य परम्परागत चिकित्सा पद्धतिको विकास गरिनेछ,

१९. मेरो स्वास्थ्य मेरो जिम्मेवारी भन्ने नारालाई साकार पार्न योग र योगसँग सम्वन्धित सेवा सुविधा सम्पन्न योग हल निर्माण गर्न आवश्यक पहल गरिनेछ,

२०. नगर जडिवुटी उद्यान निर्माण र व्यवस्थापनको लागि आवश्यक व्यवस्थापन गरिनेछ,

२१. नियमित आयुर्वेद सेवा लिन आउने सेवा ग्राहीका लागि औषधी व्यवस्थापनका लागि आवश्यक वजेट व्यवस्था गरिनेछ,

२२. जेष्ठ नागरिक सेवा र मातृशिशु सुरक्षार्थ स्तनपाई आमालाई दिदै आएको सेवालाई सवै वडामा विस्तार गरिनेछ,

२३. विद्यालय आयुर्वेद र योग शिक्षा कार्यक्रमलाई नगर भित्रका मावि तहका विद्यालयहरुमा संचालन गरिनेछ,

२४. पुर्वकर्म, पञ्चकर्म सेवाका लागि आवश्यक पूर्वाधारको व्यवस्थापन गरि संचालन गरिनेछ,

२५. दुल्लु नगरपालिका वडा नं. १३ विनायकमा संचालन हुँदै आएको गाँउघर क्लिनिक कार्यक्रमलाई निरन्तरता दिईनेछ,

२६. दुल्लु नगरपालिका भित्रका पायल्स, फिस्टुला, पिसर जस्ता विरामीहरुको उपचारको लागि निशुल्क आयुर्वेद स्वास्थ्य शिविरबाट चिकित्सकीय सेवा दिने व्यवस्था मिलाईनेछ,

२७. आयुर्वेद सेवा संचालन हुँदै आएको भवन सानो भई सेवा प्रवाहमा समस्या भएकोले भवन निर्माणका लागि आवश्यक वजेट व्यवस्थापन गर्न प्रदेश तथा संघीय सरकारलाई अनुरोध गरिनेछ,

२८. दलित, जनजाती आदि समुदायका परम्परागतरुपमा चलि आएका सीप, पेशा र व्यवसायलाई संरक्षण गर्दै समायानुकुल प्रवर्द्धन र विकास गर्दै लगिने छ ।

२९. युवा तथा वालवालिकाहरुको अधिकार सुनिश्चित गर्दै तिनको क्षमता विकासका लागि खेलकुद क्षेत्रमा जोड दिईनेछ ।

३०. स्वच्छ खानेपानीमा पहुँच तथा सरसफाई चेतनाको बिस्तार गरिनेछ ।

३१. सांस्कृतिक/पुरातात्विक सम्पदाको संरक्षण, बिकास र प्रबर्द्धन गर्दै जाने नीति लिईनेछ ।

३२. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गरी विद्यार्थी संख्या र विषयगत रुपमा अपुग दरबन्दी यकिन गरी नगर शिक्षकको व्यवस्था मिलाइनेछ ।

३३. दुल्लू नगरपालिकाको शैक्षिक क्रियाकलापहरुलाई प्रभावकारी बनाउन प्रत्येक महिना प्रधानाध्यापक बैठक सञ्चालन गरिनेछ ।

३४. सामुदायिक सिकाइ केन्द्रका परिचालक, प्रारम्भिक बाल विकास सहजकर्ता, विद्यालय सहयोगी कार्यकर्ता र विद्यालय सहायक कर्मचारीहरुको मनोबल वृद्धि गर्नका लागि नेपाल सरकारको तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराई उचित व्यवस्थापन गरिनेछ ।

३५. स्थानीय पाठ्यक्रम हाम्रो परम्परा, हाम्रो सँस्कृति कार्यान्वयनका लागि पाठ्यपुस्तक तयार गरी विद्यालयहरुमा वितरण गरिनेछ ।

३६. तोकिएको सिकाइ उपलब्धी हाँसिल गर्न सहायता आवश्यक पर्ने विद्यार्थीहरुका लागि सहायता प्रदान गर्नका लागि विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ ।

३७. समावेशी शिक्षा एवं बालमैत्री विद्यालय निर्माण गर्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

३८. शिक्षकको पेशागत विकासमा सहयोग पुग्ने क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

३९. आधारभूत तह उत्तिर्ण परीक्षा (कक्षा ८) को परीक्षालाई समुचित व्यवस्थापन गरिनेछ ।

४०. सामुदायिक सिकाइ केन्द्रका परिचालक, बाल विकास केन्द्रका सहजकर्ता, विद्यालय सहायक कर्मचारी, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको पेशागत क्षमता, नेतृत्व सीप तथा व्यवस्थापकीय क्षमता अभिवृद्धिका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

४१. सामुदायिक विद्यालयलाई अग्रेजी माध्यमबाट पठनपाठन गराउने विद्यालयलाई प्रोत्साहन गरिनेछ ।

४२. प्रत्येक वर्ष उत्कृष्ट तहगत प्रधानाध्यापक र विषयगत शिक्षक छनौट गरी सम्मान गरिनेछ ।

•

४३. विद्यालयमा नियमित रुपमा विद्यार्थीहरुको स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइनेछ ।

४४. सँस्कृत शिक्षाको स्तरीकरणका लागि पञ्चकोशी वेद विद्याश्रमलाई नेपाल सँस्कृत विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा सम्बन्धन प्राप्त गर्नका लागि आवश्यक पहल गरिनेछ ।

४५. प्रारम्भिक बाल विकास सहजकर्ता नभएका विद्यालयहरुमा बाल विकास सहजकार्ताहरुको व्यवस्था गर्नका लागि आवश्यक प्रक्रिया अघि बढाइनेछ ।

४६. महिला शिक्षक प्रसूति हुँदा विद्यालयमा हुन जाने शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

४७. दुल्लू नगरबासीलाई स्वस्थ, सम्पन्न र सुखी बनाउन गर सिक रमाउ र कमाउ अभियानलाई विस्तार गरिनेछ ।

४८. पञ्चकोशी बहुप्राविधिक शिक्षालयका विद्यार्थीहरुलाई दुल्लू नगरपालिकाको योजनामा संलग्न गरी योजनाका कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ ।

४९. एक विद्यार्थी एक बिरुवा हुर्काउन लगाई उक्त कार्यलाई विद्यार्थीको नतिजासँग जोडिनेछ ।

५०. नगरपालिकाबाट विद्यार्थी मूल्याङ्कन गरी शिक्षकको कार्यसम्पादनमा जोडिनेछ ।

५१. शिक्षकको पेसागत सहयोगका लागि स्रोत व्यक्तिको व्यवस्था गर्न पहल गरिनेछ ।

५२. विद्यालयमा शिक्षकको नियमितता गर्नका लागि लगबुकको व्यवस्था गरिनेछ ।

५३. प्रत्येक विद्यार्थीहरुको पोर्टफोलियो तयार गर्न लगाइनेछ ।

५४. प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख राखी संरक्षण र व्यवस्थापन गरिनेछ ।

५५. वडा शिक्षा समितिको गठन गरी वडाको शैक्षिक व्यवस्थापनलाई चुस्त दुरुस्त बनाइनेछ ।

५६. गरिब, द्वन्द्व पीडित, सहिदका सन्तती, दलित विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था मिलाइनेछ ।

५७. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम राख्न लेखा व्यवस्थापन तालिम र आन्तरिक लेखापरीक्षणको व्यवस्था मिलाइनेछ ।

५८. प्राकृतिक प्रकोप तथा विपदबाट विद्यालयमा हुने क्षतिलाई तत्काल सम्बोधन गर्नका लागि विद्यालय विपद व्यवस्थापन कोष स्थापना गरिनेछ ।

५९. विद्यालयमा सूचना प्रविधिको पहुँच पुऱ्याउनका लागि विद्यालयलाई क्रमिक रुपमा विद्युतको पहुँचमा पुऱ्याइनेछ ।

६०. उद्यमशील शिक्षा, प्राविधिक शिक्षा तथा व्यासायिक तालिम र परम्परागत शिक्षाको विकासका लागि योजना तजुर्मा गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६१. वि.व्य.स., प्र.अ., तथा शिक्षकहरुको क्षमता विकासका लागि नेतृत्व सीप तथा व्यवस्थापन क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

६२. नगरपालिकाको शैक्षिक वस्तुस्थितिलाई चुस्त दुरुस्त राख्नका लागि नेपाल सरकारकले प्रयोगमा ल्याएको एकीकृत शैक्षिक व्यवस्थापन प्रणालीको प्रयोगलाई सहज बनाउनका लागि तालिम सञ्चालन गरिनेछ ।

६३. विद्यार्थी र शिक्षकको प्रतिभा पहिचानका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।

६४. विद्यालय तहका परीक्षालाई प्रभावकारी, निष्पक्ष, विश्वसनीय र वैध बनाउनका लागि एकीकृत योजना निर्माण गरी लागू गरिनेछ ।

६५. विद्यार्थीमा देखिने मानसिक स्वास्थ्य सम्बन्धी समस्यालाई निराकरण गर्नका लागि विद्यालयहरुमा मानसिक स्वास्थ्य प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

६६. विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय झिकाउ, टिकाउ, सिकाउ र बिकाउका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी कम्तिमा पनि माध्यमिक शिक्षा पूरा गर्ने उपयुक्त शैक्षिक वातावरण मिलाइनेछ ।

६७. प्रत्येक सामुदायिक विद्यालयमा शैक्षिक सुशासन प्रवर्द्धन गर्नका लागि स्थायी शिक्षकलाई कार्यसम्पादन करार गरी प्र.अ. व्यवस्थापन गरिनेछ ।

६८. शिक्षकहरुलाई आफ्नो मूल कर्तव्य शिक्षण पेशामा बाधा पर्ने गरी राजनीति लगायतका अन्य गतिविधिहरुमा संलग्न हुन नपाउने गरी नगर शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र प्र.अ.ले निगरानी राख्ने व्यवस्था मिलाइनेछ । दलको विधान बमोजिमको कार्यसमितिहरुमा रहेका शिक्षकहरुलाई कि राजनीति कि शिक्षण पेशा रोज्नका लागि निश्चित समय दिई तत्पश्चात नियमानुसारको प्रक्रिया अगाडी बढाइनेछ ।

•

६९. संघात्मक व्यवस्था पछी विद्यालय अनुगमन, निरीक्षण, तथा सुपरीवेक्षण गरिनेछ ।

७०. सबै विद्यालयहरुमा समयमै वि.व्य.स. गठन र आर्थिक तथा सामाजिक लेखापरीक्षण सम्पन्न हुने प्रबन्ध मिलाइनेछ ।

७१. वातावरणमैत्री विद्यालय सञ्चालनको लागि प्रबन्ध गरिनेछ । मानव मलमूत्रलाई जैविक मलको रुपमा प्रयोग गर्ने प्रबन्ध मिलाइनेछ ।

७२. सि.एम.सी. नेपालको समन्वयमा माध्यमिक विद्यालयहरुमा मानसिक स्वास्थ्य कार्यक्रम लागू गरिनेछ ।

७३. बालबालिकाको मानसिक स्वास्थ्य तथा तनाव व्यवस्थापनका लागि त्रिपक्षीय छलफल तथा कार्यक्रम गरिनेछ ।

७४. प्राकृतिक विपद, माहामरी लगायतका समयमा बालबालिका, शिक्षक तथा अभिभावकमा देखिने डर, त्रास लगायतको मनोसामाजिक समस्यालाई सम्बोधन गरी पूर्ववत अवस्थामा ल्याउनको लागि नजशक्तिको विकास र परिचालन गरिनेछ ।

७५. बालबालिका तथा किशोर किशोरीहरुको मानसिक स्वास्थ्यको बारेमा शिक्षक, अभिभावक, वि.व्य.स. र शिक्षक अभिभावक संघका सदस्यहरुका लागि अभिमुखिकरणको व्यवस्था मिलाइनेछ ।

७६. शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमीद्धारा तयार पारिएको विद्यालय मनोसामाजिक परामर्श सम्बन्धि तालिम नगरपालिकाका सबै विद्यालयहरुमा क्रमश सञ्चालन गरिनेछ ।

७७. प्रत्येक वडामा युवा क्लब गठन गर्नका लागि आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।

७८. दुल्लू युवा प्रोफाइल तयार गर्नका लागि सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी समाज रुपान्तरणमा युवा परिचालन गरिनेछ ।

७९. शिक्षित बेरोजगार, अर्ध बेरोजगार युवाहरुलाई समयानुकुल उद्यमशीलता र व्यवसायिकरण तर्फ जोड दिई स्वोरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

८०. राष्ट्रिय युवा नीति २०७२ को भावना अनुरुप युवा विकासका लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

८१. राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुद भन्ने भनाइलाई आत्मसाथ गरी दुल्लू नगरपालिका भित्र सञ्चालित आधारभूत तथा माध्यमिक तहका विद्यार्थीहरुको लागि विभिन्न विधाका खेलकुद प्रतियोगिताको आयोजना गरिनेछ ।

८२. राष्ट्रपति रनिङ्ग शिल्ड तथा पञ्चकोशी कप प्रतियोगिताको आयोजना गरिनेछ ।

८३. खेलकुद क्षेत्रको विकास गर्नका लागि पालिकास्तरीय खेलकुद ग्रामको स्थापना गरिनेछ ।

८४. शैक्षिक सुधारको लागि शैक्षिक भ्रमण गर्ने प्रवन्ध गरिनेछ ।

८५. समतामय समुन्नत समाज निमार्णका लागि नगरपालिकाबाट संचालित सम्पूर्ण योजना तथा कार्यक्रमहरु लैङ्गिकमैत्री दृष्टिकोणबाट संचालन गरी लैङ्गिक उत्तरदायी बजेट तर्जुमा तथा कार्यान्वयनमा विशेष प्राथमिकता दिईनेछ।

८६. हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गरि त्यसबाट देखिएका सबल पक्षहरुको निरन्तरता र कमजोर पक्षहरुलाई कार्ययोजना तयार गरी आगामी वर्षहरुमा सम्बोधन गर्दै लैजाने व्यवस्था मिलाइने छ ।

८७. ग्रामिण महिलाहरुको जीविकोपार्जनमा सुधार गर्नका निम्ति महिलाहरुलाई सामूहिक व्यवसायिक क्रियाकलाप संचालनमा जोड दिइनेछ। यसका लागि व्यवसायिक रुपमा प्रशिक्षण दिई इच्छुक महिलाहरुलाई सहूलियतपूर्ण ऋण तथा अनुदानको समेत व्यवस्था मिलाइने छ ।

८८. महिला सशक्तिकरण, समावेशिकरण र मूलप्रवाहिकरणका लागि महिला समूह, समिति, संस्था गठन तथा परिचालन, नेतृत्व तथा संस्थागत विकास तालिम र महिला पुरुष समविकास तालिम संचालन गरिने छ ।

८९. कोभिड -१९ जस्ता विश्वव्यापी महामारी लगायत अन्य विभिन्न विपद्, लैंगिक हिंसा तथा घरेलु हिंसा जस्ता समस्याबाट पिडित एवं प्रभावित महिला, बालबालिका अपाङ्गता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिक लगायतका जोखिममा परेका नागरिकहरुका लागि मनोसामाजिक परामर्श लगाएतको एकिकृत सेवा सहितको पुनर्स्थाना केन्द्र संचालन तथा व्यवस्थापन गरिने छ। साथै यस्ता समस्याबाट पिडित व्यक्तिहरुको लागि लैंगिक हिंसा निवारण कोष, आपत्कालिन बाल उद्धार कोष लगायतका अन्य कोषहरुको समेत व्यवस्था गरिने छ।

९०. महिला विकास कार्यक्रमलाई परिमार्जन गरि विगतका असल अभ्यास र उपलब्धिलाई संस्थागत गर्दै महिला समूहद्धारा प्रवर्द्धित सहकारी संस्थाहरुलाई उत्पादनमूलक व्यवसाय तथा स्वरोजगारको क्षेत्रमा परिचालन गरिने छ ।

९१. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, लैंगिक तथा यौनिक अल्पसंख्यक लगायतका व्यक्ति उपर हुने सबै प्रकारका हिंसा, विभिन्न सामाजिक कुप्रथा, कुसस्कृति र विकृतिहरुको न्यूनिकरणका लागि विभिन्न दिवसिय कार्यक्रम मार्फत सचेतना अभिवृद्धिको अभियान संचालन गरिने छ।

•

९२. बालबालिकाको सर्वाङ्गिण विकास तथा बाल सहभागिता सिर्जनशिलता अभिबृद्धिका लागि नगरपालिकाका प्रत्येक वडामा बाल क्लब, बाल समुह, किशोरकिशोरी समूह जस्ता संस्थाको गठन तथा परिचालनलाई विस्तार गरि बालमैत्री नगरपालिका निर्माणका लागि आवश्यक प्रबन्ध मिलाईने छ।

९३. बालबालिका उपर हुने सबै प्रकारका शारीरिक, मानसिक, यौनजन्य दुर्व्यवहार, बालश्रम, बालविवाह, बलात्कार, बेचविखन जस्ता अपराध विरुद्ध शुन्य सहनशीलको नीति अवलम्वन गर्दै यस्तो अवस्थाबाट पिडित प्रभावित बालबालिका तथा किशोरकिशोरीहरुका लागि मनोसामाजिक परामर्श सेवा तथा आपत्कालिन बाल उद्धार कोषको व्यवस्था गरिने छ ,

९४. विद्यालयमा बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने शारीरिक दण्ड सजाय, दुर्व्यवहार र लैङ्गिकतामा आधारित हिंसालाई पूर्ण निरुत्साहित गरि त्यस्ता कार्यलाई दण्डका आधारमा नियन्त्रण गरिने छ।

९५. ज्येष्ठ नागरिकको सम्मानित र मर्यादित जीवनयापनका लागि पारिवारिक र सामाजिक रुपमा ज्येष्ठ नागरिकको स्याहार सुसार र हेरचाहका लागि उपयुक्त वातावरण मिलाईने छ ।

९६. ज्येष्ठ नागरिकले समाजमा पुऱ्याएको योगदानको आधारमा सम्मान र आदर गरिने छ ।

९७. विभिन्न हिंसा पिडित, असहाय, एकल, विधुर, शारीरिक एवं मानसिक रुपमा कमजोर लगायत जोखिममा परेका ज्येष्ठ नागरिकलाई विभिन्न सेवा सुविधामा विशेष छुट र सहूलियतको व्यवस्थाका साथै आवश्यक परेमा मनोसामाजिक परामर्श सेवा समेत प्रदान गरिने छ ।

९८. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता सीप हस्तान्तरण, छलफल र अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ ।

९९. ज्येष्ठ नागरिकको मनोरञ्जनका लागि विभिन्न वडामा ज्येष्ठ नागरिक मिलन केन्द्र, दिवा सेवा केन्द्र, ज्येष्ठ नागरिक क्लब जस्ता विभिन्न संस्थाहरु गठन तथा परिचालनको व्यवस्था मिलाइने छ।

१००. अपाङ्गता भएका नागरिकको मर्यादित र आत्मनिर्भर जीवनयापनका लागि अपाङ्गमैत्री वातावरण सिर्जना गरिने छ ।

१०१. अपाङ्गता भएका व्यक्तिप्रति गरिने विभिन्न प्रकारका अन्धविश्वास, विभेद र सबै प्रकारका हिंसा नियन्त्रण र निराकरण साथै आवश्यक परेका अपाङ्गता भएका व्यक्तिहरुलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ।

१०२. शारीरिक, मानसिक, बौद्धिक, अटिज्म, तथा डाउनसिन्ड्रोम जस्ता विशेष तथा जटिल प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्ग संरक्षण कोषको व्यवस्था मिलाईने छ।

१०३. अपाङ्गता भएका बालबालिकालाई विद्यालय भर्नामा प्राथमिकता र शिक्षण सिकाई पद्धति तथा पाठ्यक्रम अपाङ्गमैत्री बनाई सबै अपाङ्गता भएका बालबालिकाको पहूँच वृद्धि गरिनेछ।

१०४. अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवनयापन सहज बनाउन प्रत्येक वडामा सहायक सामग्रीको वितरणको व्यवस्था मिलाई उनीहरुको आवागनलाई सरल र व्यवस्थित बनाईने छ।

१०५. दुल्लू नगरपालिका १३ वटै वडाहरुमा बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन गरिनेछ ।

१०६. पोषण सम्बन्धि बाल पोषण भत्तालाई सम्बन्धि आमा तथा शिशुस्याहारकर्ता लाई पोषण अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

१०७. सुनौला हजार दिनका महिला तथा घरपरिवारलाई लक्षित गरि कृषि आयआर्जन कार्यक्रम संचालन गरिनेछ ।

१०८. पोषण शिक्षा सम्वन्धि अभिभावक, विद्यार्धी विद्यालय विच पोषण सचेतना अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

१०९. पत्रु खाना निषेध गर्नका लागी विद्यालयमा सचेतना कार्यक्रम संचालन गरिनेछ ।

११०. दिवा खाजा र पोषण सम्बन्धको महत्व बारे विद्यालयका शिक्षक अभिभावक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारी संग छलफल गरिनेछ ।

१११. बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत विपन्न परिवारका सुनौला हजार दिनका आमाहरुलाई पोषणयूक्त पहेला सखर खण्ड क्याङ्कुङ साग खेती प्रविधि तालिम र विउ वितरण गरिनेछ ।

११२. बहुक्षेत्रीयपोषण कार्यक्रम अन्तर्गत विपन्न परिवारका सुनौला हजार दिनका आमाहरुलाई पोषणयूक्त कन्या च्याउ विउ र तालिम प्रदान गरि पोषण सुधार गरिनेछ ।

११३. पशुपन्छी विशेष अन्तर्गत विपन्न परिवारका किशोरी तथा सुनौला हजार दिनका घरपरिवारका सदस्यहरुलाई पशुपंन्छी पालन सम्वन्धि तालिम संचालन गरि कुखुरा,वंगुर वाख्रा हरु नमूनाको रुपमा वितरण गर्ने ।

•

११४. स्वच्छ खानेपानी जीवन यापनका लागि विपन्न परिवारका सुनौला हजार दिनका आमासमूहहरुमा १/१ दिने सचेत अभियान कार्यक्रम संचालन गरिनेछ ।

११५. लैंगिक तथा घरेलु हिंसा निवारण तथा सुनौला हजार दिनका आमाको स्याहरको श्रीमान तथा परिवारको भूमिका विषयमा अन्तरपुस्ता (श्रीमान, श्रीमती ,सासु, वुहारी)अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

११६. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सहज बनाउन सम्झौता भएका बैंक शाखा र वडा कार्यालयहरुसँगको समन्वयमा पचहत्तर वर्ष माथिका जेष्ठ नागरिक, अति अशक्त, हिडडुल गर्न नसक्ने र अपांगता भएका व्यक्तिहरुलाई वडा कार्यालयले उपयुक्त ठानेका स्थानमा लाभग्राहीहरुलाई थप सेवा दिन घुम्ती बैंङ्किक सेवा तथा शाखा रहित बैङ्किक सेवा मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्थाका लागि आवश्यक समन्वय गरिनेछ।

११७. सामाजिक सुरक्षा भत्ता विरण कार्यलाई सहज बनाउन सम्झौता भएका बैंक शाखा बाट थप सेवा मोबाइल बैङ्किक सेवा ATM कार्ड वितरण जस्ता कार्य गर्न सहजिकरण गर्न पहल गरिनेछ ।

११८. व्यक्तिगत घटना दर्ताको एकिकृत विवरण तयार गर्नका लागी पुराना घटना दर्ता किताबमा रहेको विवरण डिजिटाइजेशन कार्य सम्पन्न गरिनेछ ।

११९. नेपालको संविधानले प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक प्रदान गरेको र सबै व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद र बसाइसराई) सन २०२४ (वि.स. २०८०) सम्ममा जन्मदर्ता शत प्रतिशत पुर्याउने र अन्य व्यक्तिगत घटना दर्तामा उल्लेख्य रुपमा वृद्धि गर्ने गरि कार्यक्रम तय गरि लागु गरिनेछ

१२०. व्यक्तिगत घटना दर्ताको महत्व र आवश्यकता बारे विभिन्न चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ,

घ) पूर्वाधार क्षेत्र विकास नीति :

१. यस नगरपालिकामा रहेका स्थानीय पूर्वाधारको दीगो संचालन गर्ने हेतुले पालिका स्तरीय स्थानीय पूर्वाधार मर्मत संभार सहयोग कोष स्थापनाका लागि वित्तिय समानिकरण अनुदानको कम्तीमा ५ प्रतिशत रकम एकमुष्ट विनियोजन गरि कोष संचालनका निम्ति आर्थिक वर्ष २०७५/०८० को प्रथम चौमासिक भित्र कार्यविधि तयार गरी पारित गरिनेछ ।

२. स्थानिय पुर्वाधार सहयोग कार्यक्रम कर्णाली पाइलटद्वारा क्षमता अभिबृद्दि तथा प्रणाली सुधारका निम्ति प्राप्त हुने प्राविधिक तथा आर्थिक श्रोत स्विकार गर्ने र पाइलटको सहयोगमा स्थानीय पूर्वाधार विकासलाई प्रभावकारी एवं जलवायु उत्थानशिल बनाउन आवश्यक पर्ने विभिन्न कानुनी, नीतिगत र प्रकृयागत कुराहरुमा आवश्यक थप घट संशोधन/सुधार क्रमश गर्दै लगिनेछ ।

३. स्थानीय पुर्वाधार सहयोग कार्यक्रम कर्णाली पाइलटसंग सयुंक्तरुपमा स्थानीय पूर्वाधार विकासका विभिन्न तरिका साधन र विधि प्रयोग गर्दै स्थानिय पूर्वाधार विकास क्रियाकलापको अनुगमन मूल्याङ्कन तथा सिकाई क्रमश अवलम्वन गरिदै लगिनेछ ।

४. स्थानिय तहमा रहेका बेरोजगारहरुको बहुआयमिक सूचक बनाई पहिचान एवं सुचिकृत गर्नुका साथै उनीहरुलाई स्थानीय पूर्वाधार विकासका क्षेत्रको माध्यमबाट रोजगार प्रदान गरिनेछ ।

५. आगामी आर्थिक वर्षका लागि पूर्वाधार निर्माणको क्षेत्रमा जलवायु उत्थानशिल, श्रममा आधारित र उत्पादनशिल स्थानिय पूर्वाधार योजना श्रममा आधारित, हरित पूनर्लाभ, नतिजामुखी, जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थापन एंव जोखिम न्यूनिकरण, उत्पादनशिल, आवश्यक्तामा आधारित, आर्थिक-सामाजिक रुपले सिमान्तकृत वर्ग सहित समूदायको ठूलो हिस्सा लाभान्वित हुने योजनाहरुलाई छनौट गरी कार्यान्वयन गरिनेछ ।

६. नेपाल सरकारको सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलव्ध गराउने तथा दिगो विकास लक्ष्य नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशत जनतालाई सुधारिएको खानेपानी सुविधा उपलव्ध गराउने लक्ष्य पूरा गर्न खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रका लागि आबश्यक ऐन कानूनहरु निर्माण गरी सुरक्षित खानेपानीको दिगो पहुँचको सुनिश्चितताका लागि एक घर एक धाराको नीति अवलम्बन गरी खानेपानी सुबिधा उपलब्ध गराईने छ । उक्त लक्षित सुबिधा सञ्चालनका लागि सहलगानी तथा समपुरक कोष पद्धतिलाई समेत आत्मसात गरिने छ ।

७. दुल्लु नगरपालिका वडा नं. ६ मा दुल्लु ईन्जिनियरिङ्ग क्याम्पसको पूर्वाधार निर्माण लगायत स्वीकृतीका लागि सम्वन्धित निकायमा पहल गरिनेछ,

८. नारायण नगरपालिका, महावु गाँउपालिका तथा भैरवी गाँउपालिकासँगको समन्वयमा भैरवी गाँउपालिका वडा नं. १ को रातिखालमा विमानस्थल निर्माणको लागि आवश्यक पहल गरिनेछ,

•

९. चामुण्डाविन्द्रासैनी नगरपालिका तथा भैरवी गाँउपालिकाको समन्वयमा गडाजिउला खोलामा तटवन्ध निर्माणका साथै सिंचाई आयोजना निर्माणको लागि आवश्यक पहल गरिनेछ,

१०. नगरपालिका क्षेत्र भित्रका विपन्न, महिला, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी/जनजाती तथा वञ्चितीमा परेका लक्षित वर्ग केन्द्रित बस्तिहरुमा सुरक्षित खानेपानीको दिगो पहुँचको सुनिश्चितताका लागि प्राथमिकीकरण गरी आवश्यक श्रोत तथा कार्यक्रमहरुको व्यवस्था गरी खानेपानी सुबिधा उपलब्ध गराईने छ ।

११. नगरपालिकाले जलउपयोग गुरुयोजना अनुसार विद्यमान सबै खाले खानेपानी, सिँचाई तथा बहुउपयोगी लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत ऐन बमोजिम दर्ता एवं अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई नगरपालिका स्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

१२. पानीका श्रोतहरुको पहिचान गरी त्यसको क्षमता, उपयोग र संरक्षण गर्न नगरपालिका भित्र रहेका सम्पुर्ण पानीका श्रोतहरुको मापन र गुणस्तर परीक्षण गरिने छ, जसबाट गुणस्तरीय खानेपानी आपुर्ती तथा बितरणमा सहयोग पुग्ने छ

१३. नगरको केन्द्र र सबै वडाको केन्द्रमा १२ महिना सवारी साधन संचालन हुने गरी सडक निर्माण तथा स्तर बृद्धिका लागि केन्द्र तथा प्रदेश सरकारसंगको समन्वयमा आवश्यक पहल गरिने छ ।

१४. कृषि उत्पादन बढाउन सिचाईलाई प्राथमिकता दिनुका साथै नगर सिंचाई गुरुयोजना निर्माण गरिनेछ । सहरी विकासको मापदण्ड र भवनसंहिता अनुसार भवन, घर निर्माण गर्ने नीति लिईनेछ । सिटीहल, बसपार्क र ल्याण्डफिल्ड साईडको निर्माणका लागि पहल र समन्वय गरिनेछ ।

१५. पंचकोशी चक्रपथ संघ र प्रदेशको समन्वयमा निर्माण र स्तरउन्नती गरी संचालनमा ल्याईनेछ ।

१६. नगरपालिका क्षेत्रमा निर्माण हुने भौतिक पूर्वाधारहरुको गुणस्तरीयता कायम गर्न पूर्व सम्भाव्यता अध्ययन प्रश्चात मात्र वजेट विनियोजन गरि कार्यान्वयन गर्ने परिपाटीको थालनी गरिनेछ ।

१७. पंचकोशी वहुप्राविधिक शिक्षालय मार्फत G to G मोडलमा दिगो पूर्वाधार विकास कार्यक्रममा आवश्यक सहयोग गरिनेछ ।

१८. स्थानीय श्रम, साधन, सीपलाई प्रयोग गरी स्थानीय रोजगारी सृजना गर्ने खालका पूर्वाधारजन्य योजनाहरुलाई उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ,

१९. चालु आर्थिक वर्षमा निर्माणाधिन रहेका योजनाहरुलाई आगामी आ.व.मा सम्पन्न गर्ने नीति अवलम्वन गरिनेछ,

२०. संघीय सरकारका मुख्य सडकहरु र नगरपालिका केन्द्रसम्म जोड्ने सडकलाई कालोपत्रे गर्न आवश्यक पहल गरिनेछ,

२१. नगरपालिका भित्र निर्माणाधीन तथा नयां निर्माण हुने भवन, सडक, तथा अन्य पुर्वाधारहरुको गुणस्तरीयता कायम गर्न र समयमै निर्माण कार्य सम्पन्न गर्नका लागी पुर्ण रुपमा प्राविधिक परिचालन गरीने छ ।

२२. सहरी विकास तथा भवन निर्माणको भवन आचार संहिता बमोजिम भवन निर्माण नीति लिइनेछ ।

२३. नगरका सडक र खोलाका नंशाकन गरी RIGHT Of way एकिन गरी भुसंरक्षणका नीति ल्याइनेछ ।

२४. नगरपालिकाको घियातीदु मध्यपहाडी राजमार्ग देखि दुल्लू शान्तिबजार र दुल्लू रातीमाटा सडकको लगतकट्टा तथा नङ्साङ्कन गरी पूर्वाधार निर्माण गर्न आवश्यक पहल र समन्वय गरीनेछ ।

२५. नगरक्षेत्रका सडकहरु तथा सबै घरधुरीहरुलाई नम्बरीङ गर्दै मेट्रिक ठेगाना प्रणाली सुरु गर्न आवश्यक पहल र समन्वय गरिनेछ ।

२६. कृषि उत्पादन बढाउन सिँचाइलाई जोड दिनुको साथै नगर सिंचाई गुरुयोजना तयार गरीनेछ। ।

२७. सबै वडामा विद्युतिकरण र बजार व्यवस्थापन तथा दिगो विकासका लागी विशेष पहल गरिनेछ ।

२८. ठुला योजना निर्माण गर्नु पुर्व IEE/EIA गरीनेछ । साथै DPR तयारीका लागि खुला प्रतिष्पर्दा मार्फत परामर्शदाता छनोट गरी स्वीकृत DPR बमोजिम निर्माण कार्य अगाडी बढाइने छ ।

२९. नगर क्षेत्रमा नयाँ सडक निर्माण कार्यलाई निरुत्साहित गरिनेछ ।

३०. एकिकृत वस्ती विकासका लागी जग्गा छनोट गरी आवश्यक सहयोग र समन्ययका लागी आवश्यक पहल गरीनेछ।

३१. नयां तथा ठुला योजनाका लागि DPR तयार गर्न आवश्यक रकम छुट्याउन पहल गरीनेछ ।

३२. भुकम्प प्रतिरोधी भवन निर्माणका लागी घरनक्सा पासलाई विशेष जोड दिने साथै नक्सापासको रेकर्डहरु समयमानै उपलब्ध गराउने उदेश्य लिई E-SOFTWARE का लागि आवश्यक रकम व्यवस्थापन तथा पुराना नक्सा पासका फाइलहरुलाई अभिलेख राखिनेछ ।

•

३३. प्राविधिकहरुको क्षमता अभिवृद्धिका लागी तालिम तथा परामर्शसेवाको उचित व्यवस्थापन गर्न पहल गरीनेछ ।

३४. सबै वडामा खानेपानीको पहुँच सुनिश्चित गर्न प्रदेश सरकार तथा विभिन्न विकास साझेदारहरु संग आवश्यक समन्वय गरीनेछ ।

३५. नगरपालिकाको सडक गुरुयोजना अद्यावधिक गर्न तथा Building Bye-laws लाई परिमार्जन गर्नका लागी आवश्यक रकमको पहल गरीनेछ ।

३६. पानीघट्ट सञ्चालन साथै पुराना सम्पदा जोगाई राख्नका निमित्त विशेष पहल गरीने छ ।

३७. अन्य साझेदार संघ संस्थाहरुलाई पनि व्यवस्थित तरीकाले विकासका कार्यहरुमा सहभागी गराइनेछ ।

३८. पञ्चकोशी क्षेत्रलाई पूर्वाधार विकास गरि पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न कर्णाली प्रदेश नवप्रवर्तन साझेदारी कोष मार्फत भैरवी गाँउपालिका र दुल्लु नगरपालिकाको साझेदारीमा सञ्चालित **पञ्चकोशी क्षेत्रको संरक्षण, प्रवर्द्धन तथा विकास सम्वन्धी परियोजना**लाई आगामी आ.व.मा पनि निरन्तरता दिईनेछ,

३९. नेपाल विद्युत प्राधिकरणसँगको साझेदारीमा **दुल्लू नगर उज्यालो कार्यक्रम** लागु गरिनेछ ।

४०. दुल्लू नगरपालिकाका बजार क्षेत्रहरुलाई आधुनिक सहरीकरणको नीति लागु गरिनेछ ।

ङ) वन, वातावरण तथा विपद् व्यवस्थापन नीति :

१. पृथ्वी सबै जीबको साझा घर हो त्यसैले जलाधार क्षेत्र र जैबिक विविधताको संरक्षण गर्नु हाम्रो दायित्व हो । यसका लागि जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धि आबश्यक नीति तथा कानूनको निर्माण गरी सोही अनुसार जलाधार क्षेत्रको विकास तथा जैविक विविधता संरक्षण गर्दै पानीका श्रोतको संरक्षण तथा पुनःभरण अभियान संञ्चालन गरिने छ । उक्त अभियान सञ्चालन गर्न दातृ संस्थाहरुसँग सहलगानी तथा समपुरक कोषको प्रावधानलाई समेत प्राथमिकतामा राखिने छ ।

२. बिभिन्न रोग तथा महामारीबाट बच्न व्यक्तिगत, वातावरणीय, घरयासी सरसफाई र आनीबानी परिबर्तनको महत्वपुर्ण भुमिका रहन्छ, यसैलाई मध्यनजर गर्दै **Æस्वच्छ निरोगी हामी, नियमित हातधुने बानीæ** भन्ने अभियान सञ्चालन गरी आगामी ३ वर्ष भित्र शतप्रतिसत घरमा हातधुने स्टेसन निर्माण गर्न यस बर्ष बाटै अभियान सञ्चालन गरिने छ । साथै ठोस, तरल तथा दिसाजन्य लेदो फोहोरको व्यवस्थापनका लागि पालिकामा आबश्यक नीति र योजना तयार गरी सोहि अनुसार कार्यान्वयन गरिने छ ।

३. नगरपालिका स्तरीय तथा वडा स्तरीय विपद व्यवस्थापन समितिलाई पूर्णता प्रदान गरि परिचालन गरिनेछ,

४. नगरपालिकाको विपद व्यवस्थापन शाखालाई थप व्यवस्थित बनाईनेछ,

५. विपद सम्वन्धि ऐन नियमहरुलाई आवश्यकता अनुसार संशोधन तथा सो सम्वन्धी अभिमुखिकरण गरिनेछ,

६. नगरपालिका अन्तरगतका सामुदायिक तथा सरकारी वनको नक्सांकन तथा अभिलेखिकरण गरिनेछ,

७. स्थानीय वन ऐनको कार्यान्वयनमा विशेष जोड दिईनेछ ।

८. प्राकृतिक श्रोत व्यवस्थापन कलेजमा हाईटेक नर्सरी स्थापना गर्ने व्यवस्था मिलाईनेछ ।

९. सामुदायिक, कवुलियती, धार्मिक र निजी वनको संरक्षण, सम्वर्धन र विकासमा सबैको साझेदारी सुनिश्चतता गर्ने वातावरण मिलाईनेछ ।

१०. वनस्पतीमा फलफूलको कलमी गरेर सामुदायिक वनमा फलफूल प्रवर्द्धन कार्यक्रम लागु गरिनेछ ।

११. एक वडा एक नर्सरी स्थापनाको नीति अवलम्वन गरी हरियाली प्रवर्द्धन गर्ने वातावरण मिलाईनेछ ।

१२. वनमा आधारित आयआर्जन कार्यक्रम संचालन गरी वहुसरोकारवालाको विविध विकास गर्ने वातावरण मिलाईनेछ ।

१३. प्रकृतिमा आधारित पर्यटन विकासका कार्यक्रमहरु संचालन गर्न नगर, प्रदेश र संघीय सरकार र अन्य विकास साझेदारसंगको समन्वयमा कार्य अगाडी बढाउने वातावरण मिलाईनेछ ।

१४. खुल्ला चरिचरण, सार्वजनिक प्रति, ऐलानी सरकारी जमिनमा वनस्पती उद्यानहरु निर्माण गरी आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने व्यवस्था मिलाईनेछ ।

१५. सामुदायिक वनमा रहेका मिचाहा झारलाई वनक्षेत्रवाट हटाई आयआर्जनका लागि कम्पोष्ट मल, विग्रेट कोईला, जैविक विषादी निर्माणमा विशेष जोड दिईनेछ ।

१६. सडकको क्षेत्राधिकार भित्र हरित सडक निर्माण गरी सडक क्षेत्रलाई फलफुलले जोडेर आयआर्जनमा विकास गर्ने वातावरण मिलाईनेछ ।

•

१७. जैविक विविधताको संरक्षण हुने खालका वर, पीपल, स्वामी, लगायतका रुख विरुवाको संरक्षण र रोपण गरी चौतारा पाटीहरुको संरक्षण र विकास गर्ने वातावरण सृजना गरिनेछ ।

१८. जलवायू अनुकुलनका योजना निर्माण गरी वदलिदो विश्व सामु वातावरण संरक्षणमा अघि बढ्ने व्यवस्था मिलाईनेछ ।

१९. फोहोर मैलाको उचित व्यवस्थापनको लागि कर्णाली प्रदेश नवप्रवर्तन साझेदारी कोष मार्फत नारायण नगरपालिका, भैरवी गाँउपालिका, चामुण्डाविन्द्रासैनी नगरपालिका र दुल्लु नगरपालिकाको साझेदीमा संचालित **स्वच्छ नगरपालिका, स्वस्थ नागरिक र स्थानीय रोजगारिका लागि फोहोरलाई मोहोर कार्यक्रम**लाई निरन्तरता दिई सो कार्यक्रमलाई यथासक्य छिटो लागु गरिनेछ,

२०. नांगा डाँडाहरुमा वृक्षारोपण गर्ने नीतिलाई अवलम्वन गरिनेछ,

२१. विपद सूचना केन्द्रको स्थापना गरिनेछ,

२२. पहिचान भएका जोखिम वस्तीहरुको स्थानान्तरणको लागि आवश्यक पहल गरिनेछ,

२३. विपद प्रकोप पिडित नागरिकहरुलाई नगरपालिकाले प्रदान गर्ने राहत रकम प्रकोप व्यवस्थापन कोष मार्फत प्रदान गरिने व्यवस्था मिलाईनेछ,

२४. मानव मलमुत्रको उचित व्यवस्थापन गरी मल र इनर्जि बनाउने कार्यक्रम संचालन गरिनेछ ।

२५. पानीका मुहान संरक्षण गर्नुका साथै पानी संरक्षणका वैकल्पीक र आधुनिक प्रविधि प्रयोगको अवलम्वन गरी वातावरण संरक्षणमा थप व्यवस्था मिलाईनेछ ।

२६. पूर्ण सरसफाई, धुवाँ रहित, धुलो रहित सफाघर टोल वस्ती निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

२७. नगरपालिकाको विपद जोखिम न्यूनिकरण योजना निर्माण गरि अति संकाटासन्न वस्तीको पहिचान गरी वैकल्पीक व्यवस्था मिलाईने छ र विपद जोखिम न्यूनिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

२८. वडा र वस्ती तहमा खुला क्षेत्रको व्यवस्था गरि आपतकालिन विपद जोखिमवाट प्रभावित हुने नागरिकलाई सुरक्षित आवाश हुन सक्ने व्यवस्था मिलाईनेछ ।

२९. विपद प्रतिकार्य योजना तयार गरिनेछ ।

३०. विपद व्यवस्थापन कोषमा यस नगरपालिकालाई प्राप्त हुने वित्तीय समानीकरण अनुदानको कम्तीमा ५ प्रतिशत रकम जम्मा हुने व्यवस्था गरिनुका साथै कोष परिचालनको मापदण्ड निर्माण गरिनेछ ।

३१. उद्धार, राहत, पूर्नस्थापना र पूर्व सचेतिकरण कार्यक्रम संचालन गरिनेछ ।

३२. आपतकालिन कार्य संचालन केन्द्रको थप व्यवस्थापन गरिनेछ ।

३३. एम्वुलेन्स र शववाहन संचालनमा ल्याउने वातावरण सृजना गरिनेछ ।

३४. जलवायू परिवर्तन स्थानीय अनुकूलन कार्य योजना (LAPA) लाई अद्यावधिक गरिनुका साथै योजना अनुरुपका योजनाहरु क्रमस कार्यान्वयन गरिनेछ ।

३५. पंचकोशी क्षेत्रका महत्वपूर्ण मन्दिरहरुमा उद्यान निर्माण गरिनेछ ।

३६. धार्मिक वन, नीजि वन र कवुलियती वनका माध्यामवाट हरियाली प्रवर्द्धन र दिगो विकासमा जोड दिईनेछ

३७. पर्यटन गुरुयोजनाको कार्यान्वयनमा निजी सार्वजनिक साझेदारी प्रवर्द्धन गर्ने वातावरण मिलाईनेछ ।

३८. पर्यटन सूचना केन्द्रको व्यवस्थापन गरि दुल्लू नगरपालिकाका मुर्त र अमुर्त भाषिक, साहित्यीक, पुरातात्विक, ऐतिहासिक पर्यटकीय सम्पदाहरुको प्रचार, प्रसार संरक्षण र प्रवर्द्धन गर्ने व्यवस्था मिलाईनेछ ।

३९. नगरपालिका स्तरीय विपद पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ एवं पुनःस्थापनाका लागि आवश्यक वजेट व्यवस्थापन गरिनेछ, यस्ता कार्यहरु विभिन्न विकास साझेदारहरुको सहकार्यमा गरिनेछ,

४०. विभिन्न विकास साझेदारहरुको सहयोगमा विपद प्रतिकार्यका लागि चाहिने आवश्यक खोज तथा उद्धार सामाग्रीहरु, खाद्य तथा गैर खाद्य सामाग्रीहरुको व्यवस्थापन, जैविक तटवन्धका कार्यहरु, वायो ईन्जिनियरिंग, वहुउद्धेश्यीय नर्सरी स्थापना, पलाष्टिक पोखरी निर्माण, रिचार्ज पण्ड निर्माण आदि कार्यहरु गरिनेछ,

च) संस्थागत विकास, सेवा प्रवाह र सुशासन नीति :

१. नगरपालिकाको O&M सर्वेक्षण गरी समय सापेक्ष बनाईनेछ ।

२. शाखा प्रमुखहरुसँग गरिने कार्यसम्पादन करार सम्झौताको मूल्यांकन गरि सोका आधारमा पुरस्कृत तथा दण्डित गर्ने कार्यको शुरुवात गरिनेछ,

•

३. नगरपालिकावाट सम्पादन गरिने र गरिएका कार्यहरुलाई सूचना प्रविधिको माध्यमवाट सार्वजनिकरण गरिने छ ।

४. नगरपालिकामा रहेको असुल गर्नु पर्ने बेरुजु असुल गर्ने र अनियमितता देखिएको बेरुजु नियमित गर्दै सुन्य बेरुजु उन्मुख नगरपालिका बनाउन पहल गरिनेछ ।

५. नगरपालिकामा कार्यरत अस्थायी/करार कर्मचारीलाई प्रोत्साहित गर्नका लागि योगदान आधारीत सामाजिक सुरक्षा कोष, कर्मचारी संचयकोष, नागरीक लागानी कोषमा जोडि सो सम्बन्धी सेवा सुविधा प्रदान गरिनेछ ।

६. नगरपालिकाको वेभसाईडलाई नियमित अपडेट गरिनेछ ।

७. त्रैमासिक बुलेटिन मार्फत सूचनाको हक (RTI) कार्यान्वयन गरिनेछ ।

८. विषयगत शाखाको वार्षिक प्रगति प्रतिवेदन प्रकाशन, प्रशारण र अपलोड गरिनेछ ।

९. डिजिटल डिस्प्ले बोर्ड मार्फत नागरिकलाई जानकारी दिईने व्यवस्था मिलाईनेछ ।

१०. भ्रष्टचार विरुद्ध सुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ ।

११. निर्वाचित जनप्रतिनिधिहरुको सम्पत्ति विवरण वेभसाईट मार्फत सार्वजनिक गरिनेछ ।

१२. रेडियो तथा टेलिभिजन कार्यक्रम मार्फत नगरका गतिविधि सार्वजनिक गरिनेछ । स्थानीय पत्रकार र स्थानीय संचार संस्थालाई नगरपालिकाको समाचार सम्प्रेषण गरेबापत आवश्यक प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१३. सफ्टवेयरमा आधारित लेखाङ्कन पद्धतीका आधारमा आम्दानी तथा खर्च गर्ने प्रक्रियालाई अवलम्वन गरिनेछ ।

१४. विगत देखिको बेरुजु असुली गर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिने छ । पेश्की तथा बेरुजुमा न्यूनीकरण गर्न पहल गरिनेछ ।

१५. संस्थागत सुशासन र प्रवाभकारी सेवाप्रवाहमा जोड दिईनेछ ।

१६. नगरपालिकाको समग्र विकासका लागि आवश्यक देखिएका विभिन्न क्षेत्रगत ऐन तथा नियमावली र कार्यविधिहरु तर्जुमा गरी यसै नगर सभावाट पारित गरी लागु गर्ने व्यवस्था मिलाईनेछ ।

१७. सवारी साधन संचालन कार्यविधीलाई आवश्यकता अनुसार संशोधन गरिनेछ,

१८. नगरपालिकावाट प्रवाह गरिने सेवाहरुमा सवै वर्गको पहुँच सुनिश्चितता गरिनेछ,

१९. डिजिटल सूचना प्रणाली जडान गरिनेछ,

२०. १३ वटै वडा र नगरपालिकामा सवैको पहुँच पुग्ने गरि डिजिटल नागरिक वडापत्र राख्ने व्यवस्था गरिनेछ,

२१. नव निर्वाचित जनप्रतिनिधीहरुलाई विद्यमान कानूनी व्यवस्था सम्वन्धि क्षमता विकास कार्यक्रम संचालन गरिनेछ,

२२. कर्मचारीहरुको क्षमता विकास आवश्यकताको विष्लेषण गरि आवश्यकताको आधारमा क्षमता विकास कार्यक्रम संचालन गरिनेछ,

२३. प्रमाणिकरण भएका कानूनहरुलाई नियमित रुपमा राजपत्रमा प्रकाशन गरि नगरपालिकाको वेव साईटमा राख्ने व्यवस्था गरिनेछ,

२४. सामाजिक सुरक्षा भत्ता सहज वितरणका लागि आवश्यक पहल गरिनेछ,

२५. आवश्यकताका आधारमा कर्मचारीको तलवमान र दरवन्दीमा एकरुपता ल्याईनेछ,

२६. कार्यालयमा नागरिक सहायता कक्षको व्यवस्था गरिनेछ,

२७. खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाले सञ्चालन गर्ने कार्यक्रममा दोहोरोपना नहुने गरी समन्वयात्मक ढंगबाट कार्यक्रम सञ्चालनका लागि खानेपानी, सरसफई तथा स्वच्छता (खासस्व) समन्वय समिति तथा खासस्व ईकाईको स्थापना गरी योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरिनेछ ।

२८. दुल्लु नगरपालिकामा आफ्ना कार्यक्रमहरु कार्यान्वयन गर्ने गैरसरकारी संस्थाहरुसंग एकद्वार प्रणाली मार्फत आपसी सहयोग र साझेदारीलाई समेत परिचालन र प्रभावकारी बनाउन, लक्षित वर्गको पहिचान, पहुंचमा सहजता तथा एकरुपताका लागि **गैह्रसरकारी संस्था समन्वय परिचालन तथा अनुगमन** सम्बन्धी कानून निर्माण गरि लागु गरिनेछ,

२९. दुल्लु नगरपालिकालाई कार्यक्षेत्र वनाई कार्यक्रम संचालन गरिरहेका गैरसरकारी संस्थाहरुसँगको सहकार्यलाई आगामी वर्षमा पनि निरन्तरता प्रदान गरिनेछ,

३०. नगरपालिकामा हुने फजुल खर्च घटाउने नीति अवलम्वन गरिनेछ,

•

३१. यस नगरपालिकाका विभिन्न विषयगत शाखा अन्तरगत परिचालन हुनेगरि गठन भएका सामुदायिक वन उपभोक्ता समिति, खानेपानी उपभोक्ता समिति, सिंचाई उपभोक्ता समिति, कृषक समूह, सहकारी, आमा समूह लगायतका समुदायमा आधारित संस्थाहरुलाई यस नगरपालिकामा दर्ता गर्ने प्रणालीलाई थप व्यवस्थित गर्नुका साथै संस्थाहरुको नगर स्तरीय सम्वन्धित विषयगत सञ्जाल गठन गरि परिचालन गरिनेछ साथै विभिन्न सञ्जालहरुको पनि साझा सञ्जालको स्थापना गरि परिचालन गर्नको लागि आवश्यक कानूनी व्यवस्था गरिनेछ,

३२. कार्यसम्पादनका आधारमा कर्मचारी लगायत विभिन्न क्षेत्रका उत्कृष्ट व्यक्ति र संस्थालाई पुरस्कृत गर्ने व्यवस्थाको थालनी गरिनेछ,

३३. प्रत्येक वडा कार्यालयहरुमा तार सहितको इन्टरनेट लाइन बिस्तार गरि बैकल्पिक रुपमा वायरलेस डिभाइस सहित इन्टरनेट सुबिधा पुर्याइनेछ ।

३४. विभिन्न खोजमुलक कार्य तथा डिजिटल तालिम कार्यक्रम संचालनका लागि डिजिटल लाईब्रेरी को स्थापना गरिनेछ ।

३५. संस्थागत स्व मुल्याङ्कन प्रणालीलाई प्रभावकारी कार्यान्वयनका लागि उचित बजेट ब्यवस्थापन गरि कार्यन्वयन गरिनेछ ।

३६. नागरिक सेवा प्रवाहलाई छिटो, छरितो र चुस्त बनाउनको लागि अनलाईन सिफारिस प्रणालीलाई कार्यान्वयन गरिनेछ ।

३७. Data backup का लागि सूचना प्रविधि बिभागको सहयोग र समन्वयमा Data center को स्थापना गरिनेछ।

३८. बिद्यालयका बालवालिकाहरुलाई सूचना प्रविधि शिक्षा प्रदान गर्ने, जसका लागि नगर भित्रका शिक्षण संस्थाहरुको बिचमा सहकार्य Academic collaboration गरिनेछ ।

३९. पुर्ण ब्यवस्थित इन्टरनेटको लागि Bandwidth Control सहित इन्टरनेट सर्भरको ब्यवस्थापन गरिनेछ ।

४०. Digital Divide को अन्त्य गर्नको लागि तोकिएको सार्वजनिक स्थलहरुमा Free wifi को ब्यवस्थापन गरिनेछ।

४१. नगर वस्तुस्थिति विवरणको संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको समन्वय तथा सहकार्यमा अन्तर आवद्धता गरि Real time update हुने ब्यबस्था गरिनेछ ।

४२. पर्यटन सूचना केन्द्र लाई स्तरउन्नति गरि समग्र पर्यटनका सूचना प्रवाह गर्ने र सिकाई केन्द्र को रुपमा विकास गरिनेछ ।

४३. नगरपालिका र वडा कार्यायलयका कर्मचारीहरुलाई सूचना प्रविधि संग परिचित भइ समयसापेक्ष कार्यका लागि सूचना प्रवधि सम्बन्धि क्षमता विकास कार्यक्रम गरिने छ ।

४४. नगरपालिकाका विभिन्न शाखाबाट गरिने कार्यहरु One day In out service लाइ निरन्तरता दिइनेछ ।

४५. दुल्लू नगरपालिकाको ठुलो समस्याको रुपमा रहेको गुठी समस्या समाधान गर्नका लागि संघीय सरकार र कर्णाली प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

४६. दुल्लू ८ मा रहेको नेपाली सेनाको बेस क्याम्पले ओगेटेको जमिनको मुआब्जा सम्बन्धीत जग्गाधनीलाई उपलब्ध गराउन सम्बन्धित निकायहरुसँग आवश्यक पहल गरिनेछ ।

मूख्य मुख्य योजना र क्रियाकलाप :

क) शिक्षा पूर्वाधार सहयोग,

ख) स्वास्थ्य पूर्वाधार सहयोग,

ग) सडक सञ्जाल निर्माण,

घ) विद्युतीकरण र नविकरणीय उर्जा विकास,

ङ) खानेपानी आयोजना,

च) सिंचाई आयोजना,

छ) पर्यटन पूर्वाधार विकास

ज) उपेक्षित, उत्पीडित समुदाय तथा दलित, महिला, अपांगता भएका व्यक्ति, वालवालिका, जेष्ठनागरिक आदि जस्ता लक्षित वर्गको सशक्तिकरण, क्षमता विकास, आयआर्जन र मुलप्रवाहिकरणका कार्यक्रमहरु

झ) कृषि क्षेत्रको विकास, प्रवर्द्धन र व्यावसायीकरण,

ञ) वातावरण र जलवायू परिवर्तन अनुकूलन कार्यक्रम,

ट) रोजगारी सृजना र आयमूलक क्रियाकलाप,

ठ) संक्रमणजन्य र महामारीजन्य रोगको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि विशेष कार्यक्रम संचालन

•

ड) प्राविधिक शिक्षा र उद्यमशिल विद्यालय पूर्वाधार विकास

ढ) धार्मिक विद्यालयको पूर्वाधार विकास कार्यक्रम

सभाध्यक्ष महोदय,

अव म आगामी आ.व. २०७९।०८० मा यस नगरपालिकाको समग्र बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु । नगरपालिका आगामी आ.व. २०७९।०८० का लागि कुल प्रस्तावित बजेट रु. १ अर्ब ८ करोड ४० लाख आय अनुमान गरिएको छ । जस मध्ये संघीय सरकार, कर्णाली प्रदेश सरकार र अन्य विभिन्न सरकारी निकायबाट प्राप्त हुने श्रोतको तुलनामा नगरपालिकाको आन्तरिक आय अत्यन्त न्यून रहेको व्यहोरा समेत सम्मानीत सभा समक्ष जानकारी गराउन चाहन्छु । प्रस्तावित आय अनुमानका आधारमा नगरपालिकाको चालु खर्च तर्फ रु १० करोड, विषयगत शाखा तर्फ ३ करोड ६७ लाख, शिक्षा तर्फ ४ करोड १२ लाख, नगरपालिकाको चालु तर्फका योजनाहरुका लागि रु ४ करोड ७ लाख ६० हजार, नगरपालिकाका गौरबका आयोजना संचालन खर्च तर्फ रु २ करोड ७३ लाख, लागत साझेदारी तर्फ ७ करोड ८७ लाख २० हजार खर्च अनुमान गरेको छु । जसमा चालु तर्फ जम्मा रु ५२ करोड ५४ लाख ८० हजार र पुँजीगत खर्च तर्फ जम्मा १५ करोड ४५ लाख २० हजार गरी जम्मा रु १ अर्ब ८ करोड ४० लाख व्यय अनुमान गरेको छु । साथै संघीय सरकार र कर्णाली प्रदेश सरकारबाट प्राप्त सशर्त, समपुरक र विशेष अनुदानका लागि जुन आयोजनाका लागि वजेट प्राप्त भएको हो सोहि आयोजना संचालनमा खर्च गरिनेछ भने अन्य विभिन्न निकायबाट प्राप्त हुने सशर्त अनुदान सोहि प्रकृतिका योजना तथा कार्यक्रम संचालन गर्न खर्च गरिने छ । सो आम्दानीको विवरण अनुसूची १ र खर्चको समष्ट्रिगत विवरण अनुसूचि २ मा उल्लेख गरिएको छ ।

•

अनुसूची – १

आगामी आ.व. २०७९/०८० को प्रस्तावित आय विवरण

क्र.सं.	विवरण	आ.ब. २०७९/०८० को प्रस्तावित अनुमान रु.	विनियोजित रकम अक्षरमा
	क. संघीय सरकार		
१	वित्तीय समानीकरण अनुदान	१४२६००००००/००	१४ करोड २६ लाख
२	राजश्व वाँडफाँड	१२३६३३०००/००	१२ करोड ३६ लाख ३३ हजार
३	सशर्त अनुदान	३६७५००००००/००	३६ करोड ७५ लाख
४	समपुरक अनुदान	९०००००००/००	९० लाख
५	विशेष अनुदान	३५००००००००/००	३ करोड ५० लाख
	जम्मा रु.	६७७७३३०००/००	६७ करोड ७७ लाख ३३ हजार
	ख. कर्णाली प्रदेश सरकार		
१	वित्तीय समानीकरण अनुदान	१४५७५०००/००	१ करोड ४५ लाख ७५ हजार
२	राजश्व वाँडफाँड(सवारी साधन कर)	२१२६०४८/००	२१ लाख २६ हजार ४८ रुपयाँ
३	सशर्त अनुदान	६६१७००००/००	६ करोड ६१ लाख ७० हजार
४	समपुरक अनुदान	१३५५००००/००	१ करोड ३५ लाख ५० हजार
५	विशेष अनुदान	५००००००/००	५० लाख
	जम्मा रकम रु.	१०१४२१०४८/००	१० करोड १४ लाख २१ हजार ४८ रुपयाँ
	ग. आन्तरिक आय (राजश्व)		
१	नगरपालिकाको आन्तरीक आम्दानी	६००००००	६० लाख
२	राजश्व बाडफाट मालपोत	२०००००००/००	२० लाख
३	अन्य आम्दानी(स्थानीय पुर्वाधार सहयोग कार्यक्रम)	२२७००००००/००	२ करोड २७ लाख
४	अन्य आम्दानी(बैंक मौज्दात लगायत अन्य)	५९५४५९५२/००	५ करोड ९८ लाख ४५ हजार ९ सय ५२
	जम्मा रकम रु.	९०२४५९५२/००	९ करोड २ लाख ४५ हजार ९ सय ५२
	घ. विषयगत निकाय तर्फ		
१	सडक वोर्ड नेपाल अनुदान	३०००००००/००	३० लाख
२	गरिबसँग विश्वेश्वर कार्यक्रम	६००००००/००	६ लाख
३	छोरी बैंक खाता कार्यक्रम	६०००००००/००	६० लाख
४	दुल्लू अस्पताल पूर्वाधार निर्माण	५००००००००/००	५० लाख
	जम्मा रकम रु.	१४६००००००/००	१ करोड ४६ लाख

•

ङ. सामाजिक सुरक्षा कार्यक्रम तथा संरक्षण कार्यक्रम			
१	सामाजिक सुरक्षा कार्यक्रम तथा संरक्षण कार्यक्रम	२००००००००।००	२० करोड
	जम्मा रकम रु.	२००००००००।००	२० करोड
कुल जम्मा आय रु.		१०८४०००००।००	१ अर्ब ८ करोड ४० लाख

अनुसूची – २

आगामी आ.व. २०७९/०८० को प्रस्तावित व्यय विवरण

क्र.सं.	विवरण	आ.ब. २०७९/०८० का लागि प्रस्तावित वाँडफाट रु.	कैफियत
क	चालु खर्च तर्फ		
१.	पदाधिकारी तथा कर्मचारीहरुको पारिश्रमिक र प्रशासनिक खर्च	१००००००००।००	१० करोड
जम्मा खर्च		१००००००००।००	१० करोड
२	विषयगत शाखा तर्फ		
२.१	न्यायीक समिति सचिवालय	५००००।००	५ लाख
२.२.१	शिक्षा युवा तथा खेलकुद शाखा संचालन खर्च	१५००००।००	१५ लाख
२.२.२	आ.वि.तथा मा.वि.को शैक्षिक गुणस्तर सुधार कार्यक्रम (नगर शिक्षक पारिश्रमिक)	१६०००००।००	१ करोड ६० लाख
२.२.३	विद्यालय कर्मचारी, सामुदायिक सिकाई सहजकर्ता र वाल विकास सहजकर्ताको थप पारिश्रमिक	१८०००००।००	१ करोड ८० लाख
२.२.४	स्थानीय पाठ्यक्रम कार्यान्वयन	३००००।००	३ लाख
२.२.५	पञ्चकोशी वहुप्राविधिक शिक्षालय दुल्लू	१५००००।००	१५ लाख
२.२.६	पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रबृत्ति कार्यक्रम	२०००००।००	२० लाख
२.२.७	नरेश्वर उद्यमशील विद्यालय छात्रावास सञ्चालन अनुदान	८००००।००	८ लाख
२.२.८	पञ्चकोशी वेद विद्याश्रम सञ्चालन अनुदान	६००००।००	६ लाख
जम्मा		४१२००००।००	४ करोड १२ लाख
२.३	कृषि विकास शाखा	८००००।००	८ लाख
२.४	पशु स्वास्थ्य तथा पशु सेवा शाखा (विनायक सेवा केन्द्र सहित)	८००००।००	८ लाख
२.५	आधारभूत स्वास्थ्य तथा सरसफाई शाखा	८००००।००	८ लाख
२.६	सहकारी विकास तथा प्रवर्द्धन शाखा	२००००।००	२ लाख
२.७	दुल्लू अस्पताल दुल्लू दैलेख	९०००००।००	९० लाख
२.८	आर्यूवेद औषधालय दुल्लू	५००००।००	५ लाख
२.९	लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखा	८००००।००	८ लाख
२.११	आँखा उपचार केन्द्र दुल्लू	८००००।००	८ लाख
२.१३	विपद् व्यवस्थापन शाखा	१००००।००	१ लाख
२.१४	पञ्जीकरण शाखा व्यवस्थापन	२००००।००	२ लाख
२.१५	स्थानीय पुर्वाधार सहयोग कार्यक्रम	२२७००००।००	२ करोड २७ लाख
विषयगत शाखा जम्मा		३६७००००।००	३ करोड ६७ लाख
३.	अन्य खर्च (नगर स्तरीय चालु प्रकृतिका खर्च)		

३.१	राजश्व प्रशासन सुदृढीकरण र आन्तरिक राजश्व अभिबृद्धिका लागि अभियान सञ्चालन	३०००००००	३ लाख
३.१.१	महिला लक्षित कार्यक्रम (स्वरोजगार सृजना,सशक्तिकरण तथा अन्य सहयोग)	२५००००००	२५ लाख
३.१.२	दलित लक्षित कार्यक्रम (स्वरोजगार सृजना, सशक्तिकरण तथा अन्य सहयोग)	२५००००००	२५ लाख
३.१.३	वालवालिका लक्षित (वालवालिकाको क्षमता विकाससंग सम्बन्धी कार्यक्रमका लागि बाल संरक्षण कोष)	५००००००	५ लाख
३.१.४	आदिवासी जनजाति लक्षित	३०००००००	३ लाख
३.१.५	युवा तथा खेलकूद लक्षित कार्यक्रम	३०००००००	३ लाख
३.१.६	जोखिममा परेका वालवालिकाका लागि सहयोग कार्यक्रम	३०००००००	३ लाख
३.१.७	आकस्मिक स्वास्थ्य सहयोग कार्यक्रम (दीर्घरोगी, मानसिक रोगी र जोखिममा परेका नागरिक)	३०००००००	३ लाख
३.१.८	अपाङ्ग नागरिक आय आर्जन तथा सहयोग कार्यक्रम	३०००००००	३ लाख
३.१.९	सामाजिक पर्व, दिवस, समारोह सञ्चालन खर्च	३०००००००	३ लाख
३.१.१०	स्वास्थ्य संस्थामा सुरक्षित प्रसूति सेवाका लागि जनशक्ति तथा औषधि लगायतका सामग्री व्यवस्थापन (१४ वटा स्वास्थ्य संस्थामा कार्यरत अनमीको पारीश्रमीक समेत मासिक रु २३००० का दरले)	५०००००००	५० लाख
३.१.११	सामाजिक परिचालकहरुको पारिश्रमिक खर्च (१३ वटा वडामा कार्यरत १३ जना सामाजिक परीचालकलाई मासिक रु २३००० का दरले	३९००००००	३९ लाख
३.१.१२	नपा/वडा कार्यालय/स्वास्थ्य चौकीमा कार्यरत सरसफाई कार्यकर्ताको पारिश्रमिक खर्च (प्रति व्यक्ति मासिक रु २०००० का दरले)	४२००००००	४२ लाख
३.१.१३	त्रैमासिक बुलेटिन प्रकाशन	३०००००००	३ लाख
३.१.१४	बार्षिक योजना किताब छपाई तथा प्रकाशन	३०००००००	३ लाख
३.१.१५	स्थानीय कानून निर्माण र प्रकाशन	३०००००००	३ लाख
३.१.१६	सार्वजनिक सुनुवाई	२०००००००	२ लाख
३.१.१७	विपद् व्यवस्थापन कोष	७१३०००००	७१ लाख ३० हजार
३.१.१८	कर्मचारी कल्याण कोष	१५००००००	१५ लाख
३.१.२०	मर्मत संभार कोष	७१३०००००	७१ लाख ३० हजार
३.१.२१	स्वास्थ्य संस्थामा निशुल्क वितरण गरिने औषधी तथा आवश्यक उपकरण खरिद	२५००००००	२५ लाख
३.१.२२	गर्भवती महिलाका लागि निशुल्क एम्बुलेन्स सेवा (रिफर गर्नुपर्ने अबस्थामा)	५०००००००	५ लाख
३.१.२३	क बर्गका अपाङ्ग परिचय पत्र वितरणका लागि यातायात खर्च	२०००००००	२ लाख
	जम्मा खर्च	४०७६०००००	४ करोड ७ लाख ६० हजार
४	विषयगत निकाय तर्फ खर्च		
४.१	सडक बोर्ड	३००००००००	३० लाख
४.२	गरिबसंग विषेश्वर कार्यक्रम	६०००००००	६ लाख
४.३	छोरी बैंक खाता	६००००००००	६० लाख
४.४	दुल्लू अस्पताल पूर्वाधार निर्माण	५००००००००	५० लाख
४.५	सामाजिक सुरक्षा कार्यक्रम	२०००००००००	२० करोड

४.६	संघ सर्शत, विशेष र समपुरक	४११५००००।००	४१ करोड १५ लाख
४.७	प्रदेश सर्शत, विशेष र समपुरक	८४७२०००।००	८ करोड ४७ लाख २० हजार
जम्मा		७१०८२०००।००	७१ करोड ८ लाख २० हजार
ख.	जम्मा चालु खर्च	५२५४८०००।००	५२ करोड ५४ लाख ८० हजार
१.	नगर कार्यपालिकाको लागि गौरवका आयोजना सञ्चालन र अन्य खर्च		
१.१	विद्युतीकरण कार्यक्रम	१०००००००।००	१ करोड
१.२	द्रोणाचल क्याम्पस	१५००००००।००	१५ लाख
१.३	दुल्लू सांस्कृतिक संग्राहलय व्यवस्थापन	८००००।००	८ लाख
१.४	हेभी इकुमेन्ट खरिद (लोडर, टिप्पर, डोजर)	१५०००००००।००	१ करोड ५० लाख
जम्मा		२७३००००००।००	२ करोड ७३ लाख
२.	लागत साझेदारी खर्च		
२.१	शैक्षिक गुणस्तर सुधारका लागि काठमाण्डौ विश्वविद्यालयसँग लागत साझेदारी	१०००००००।००	१० लाख
२.२	सरस्वती मा.वि. कृष्णकोटमा भवन निर्माण साझेदारी	८८००००००।००	८८ लाख
२.३	दुल्लू अस्पताल भौतिक पूर्वाधार निर्माण साझेदारी	४००००००।००	४० लाख
२.४	नगरपालिका नयाँ भवन निर्माण साझेदारी	३५००००००।००	३५ लाख
२.६	स्थानीय अनुकुलन कार्ययोजना (लापा) नविकरण तथा परिमार्जन र कार्यान्वयन (आशा आयोजना साझेदारी)	५००००००।००	५० लाख
२.७	जल उपयोग गुरु योजना कार्यान्वयन साझेदारी	५००००००।००	५० लाख
२.८	बहु क्षेत्रीय पोषण कार्यक्रम	१०००००००।००	१० लाख
२.९	सडक बोर्ड नेपाल	१०००००००।००	१० लाख
२.११	नव प्रवर्तन साझेदारी कार्यक्रम (प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम)	५००००००।००	५० लाख
२.१२	अन्य साझेदारी	३००००००००।००	३ करोड
२.१३	प्राकृतिक स्रोत व्यवस्थापन कलेज छात्रावास निर्माण प्रदेश समपुरक	२००००००।००	२० लाख
२.१४	पंचकोशी बहुप्राविधिक शिक्षालय भौतिक पुर्वाधार निर्माण प्रदेश समपुरक	१६००००००।००	१६ लाख
२.१५	दुल्लू इन्जिनियरिङ्ग कलेज पूर्वाधार निर्माण प्रदेश समपुरक	१८२००००।००	१८ लाख २० हजार
२.१६	पंचकोशी बहुप्राविधिक शिक्षालय भौतिक पुर्वाधार निर्माण संघ समपुरक	९०००००।००	९० लाख
जम्मा		७८७२०००।००	७ करोड ८७ लाख २० हजार
३	नगरपालिकाका अन्य विविध आकष्मीक योजना	५००००००।००	५० लाख
४	जनतासँग मेयर कार्यक्रम खर्च	६५००००।००	६५ लाख
५	जनतासंग उप मेयर कार्यक्रम खर्च	४५००००।००	४५ लाख
जम्मा		१६०००००।००	१ करोड ६० लाख
६	वडा स्तरीय कार्यक्रम सञ्चालन खर्च (प्रति वडा २५ लाखका दरले)	३२५००००।००	३ करोड २५ लाख
जम्मा		३२५००००।००	३२ करोड ५० लाख
पुँजीगत		१५४५२०००।००	१५ करोड ४५ लाख २० हजार

•

चालु र पुँजीगत जम्मा	१०८४००००००००	१ अर्ब ८ करोड ४० लाख